Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- २४, २०७६ साल माघ २८ गते मंगलबार (Feb 11, 2020) www.janaakash.com.np मुल्य रु १०।-




# मेलम्चीको पानी कहिल्य आउँछ ?

- सुत्केरी, बाल बच्चा भएका बिपन्न आमाहरुको बिजोग ।
- उपत्यकामा पढ्ने बिद्यार्थीहरुको जीवन नर्क जस्तै ।
- सुख्खा मौषममा जहिले पनि खानेपानीको अभाव ।

- मोहन कार्की

मानिसहरुलाई बिहान उठेदेखि बेलुका नसुतुन् जेलसम्म पानी अनिवार्य नभइ नहुने तत्व हो । यो पानी नेपालको राजधानी काठमाडौंमा भने आपुर्ति कम हुदा जो काठमाडौं आई जीविको पार्जन गर्न मेहनत गर्ने बिपन्न बर्गको लागि भने सारै कष्टपुर्ण छ । नेपालको राजधानी काठमाडौंमा आई गाउँ, शहर जतातततैवाट अवसरको खोजिमा आउने त छदैछन् । त्यहामाथि काठमाडौं उपत्यकामा उच्च शिक्षा हाशिल गर्नको लागि पढ्न आउने बिद्यार्थीहरुको संख्या पनि निक्कै रहेको छ ।

ती बिद्यार्थीहरु बिशेष गरेर काठमाडौंको बागबजार, बानेश्वर, कालीमाटी, घट्टेकुलो, पुरानो बानेश्वर, पाटन, भक्तपुरको ठिमी लगायत ठाउँहरुमा बसी आफ्नो पढाईलाई निरन्तरता दिईरहेकाछन् ।

उनिहरुलाई अन्य ठाउँहरु अपाएका पर्ने र साधन नभएकाहरुको लागि असम्भव जस्तै भएका कारण उनिहरु बाध्यतावस माथि उल्लेखित ठाउँहरुमा बसोवास गर्न बाध्य छन् । र मन नमान्दा नमान्दा पनि त्यस्तै अध्यारो कोठामा महगो र डुङडुङती गनाउने कोठा लिएर बस्न बाध्य छन् त्यहा माथि अचेल सामान्य नागरिकहरुको लागि एउटा दुइटा कोठा पाउन पनि मुस्किल छ । पाए पनि पानी नभएको कोठामा बसेर स्कुल, कलेज जादा मुख नधोइ जानुपर्ने बाध्यताहरुले काठमाडौं उपत्यका नरक जस्तै बन्दै गइरहेको छ ।

त्यस्तै समस्या काठमाडौंमा आई सामान्य रोजगार गरी आफ्नो परिवार पाल्दै आफु पनि पालिनुपर्ने समस्या झेल्दै आएका बिपन्न मजदुरहरुको समस्या पनि दिनहु बढेर गएको देखिन्छ । काठमाडौं उपत्यकामा सामान्य काम गरेर थोरै आम्दानी गरेर एउटा कोठा लिएर परिवार पाल्ने र दिनहु कमाएको पैशाले दिनहु नै खानुपर्ने अवस्थाका नागरिकहरुको अवस्था निक्कै पिडादाय भएको देखिन्छ । काठमाडौंमा पानीसमेत किनेर खानुपर्ने । बसेको घरमा पानी नहुदा ट्वालेट सार्वजानिक स्थलमा जानुपर्ने र सार्वजानिकस्थलमा पैशा तिर्नुपर्ने बजार भाउ महगी बढ्यको बढ्यै गर्ने जस्ता समस्याले काठमाडौं शहरमा आई जीवन बिताई रहेका गरिखाने बर्गहरुको दिन दैनिकी कस्टकर बन्दै गईरहेको देखिन्छ । त्यसमाथि पनि पानीको अभावमा बिहान उठेदेखि तनाव मनस्थिति बोकेर हिड्नु पर्दा मानिस हुनुको अर्थ नै बिर्सनु पर्ने वातावरण बनिरहेको छ ।

त्योभन्दा डरलाग्दो र माया लाग्दो काठमाडौं उपत्यकामा सुत्केरी, साना साना बालबच्चा भएका आमाहरुको बिजोग देख्दा धेरै मानिसहरुलाई दया लाग्ने गरेको देखिन्छ । तर दया माया लागेर पनि तत्कालै उनिहरुको लागि आवाश्यक पानी उपलब्ध गराउन सक्ने कुनै उपाय ति मनकारी मानिसहरुसँग हुदैन । काठमाडौंका घरबेटीहरुलाई महिना बाँकी २ पृष्ठमा

# दोलखाको सार्वजाकि जग्गा ब्यक्तिको नाममा स्थानीयहरू निजी खर्चमा मुद्दा लडदै

दोलखाको तामाकोशी गाउँपालिका वडा न. ४ साविक मालु गा.वि.स. वडा न. ४ छाप डाडा मल्लको पधेरा भन्ने ठाउँको सार्वजानिक जग्गा ब्यात्किहरुले हडपेका छन् उक्त जग्गा एतिहाँसिक मल्ल राजाको पालादेखि सार्वजानिक रहेको स्थानीयले दावी गरेका छन् । तर २०४६ सालमा ब्यात्किका नाममा नापी गरेर हडपेको स्थानीयले बताउने गरेका छन् भने उक्त जग्गाको बिषयमा दोलखा जिल्ला अदालतमा समेत मुदा हालेका छन् । त्यसै मध्य कुल बहदुर खड्काले जिल्ला अदालत चरिकोटमा मुद्दा हालेपछि उक्त घटना बाहिर आएको



हो । अहिले जग्गा हडपेकाहरुले अदालतलाई समेत प्रभावित पादै सार्वजानिक जग्गा आफ्नो भएको भनि दावी गर्ने गरेका छन् । अर्कोपक्षलाई बुझ्न खोज्दा हड्प्ने मध्यकाहरुको नम्वरमा सम्पर्क गर्दा फोन उठेन । उक्त जग्गा सार्वजानिक भएको र गाउलेहरुले परपुर्वकाल देखि घास दाउरा र सार्वजानिक उपभोग गर्दै आएका थिए । तर त्यो सार्वजानिक जग्गा बिगत देखि नै जङगल नै रहदै आएको छ । तर स्थानीय ऐन लागु भएपछि गाउँपालिकालाई जग्गा खोजि गर्ने क्रममा ब्यात्किहरुले उक्त जग्गा आफ्नो दावी गरेपछि बाँकी २ पृष्ठमा

# मत्स्य पालन ३ दिने तालिम चितवनमा सम्पन्न

चितवन । भेटनरि असपताल तथा पशु सेवा विज्ञ केन्द्र चितवनको आयोजनामा मत्स्यपालन समबनधि तिनदिने जनचेतना मुलक तालिम माडि नगरपालिका कृषि बिकास शाखाको हलमा समपनन भएको छ । प्रतेयक वडाको तीन जनाको दरले उक्त तालिममा सहभागिता गराई तालिम दिएको भेटनरि असपतालका प्रशासकिय अधिकृत दिप चन्द्र घिमिरेले बताउनु भएको हो । माछा पाल्ने किसानले यो तालिमबाट मत्स्य पालन सम्बन्धि ज्ञान पाएको तालिममा सहभागि नेत्र आले मगरको भनाई सुन्दा उनले खुशि हुँदै भन्नू भयो । हाल नेपालको माछा उत्पादनमा नेपाली बजारमा दुईमहिना पनि पुग्दैन । त्यसैले यो माछा पालनले अझै पांचबर्ष नेपाली बजारमा बिक्री हुने सम्भावना रहेको आलेको बुझाई रहेको थियो दिनुभयो । सो तालिममा महिला सहभागी धेरै रहेका थिए । हाल माडीमा माछा पालन किसानको संख्या २८ सय ४३ रहेको छ । दुईवटा हेयाचरि



भुरा उत्पादन गर्ने क्षमता रहेको छ ।माछा संकलन केन्द्र एक मात्र रहेको छ ।यहाँका किसानले माछापालन व्यवसायमा सबैभन्दा बढि श्रम गर्ने गरेको पाईएको प्रशासकीय अधिकृतले बताउनु भएको हो । माडीमा माछापालन गर्ने ज्ञान बढि महिलाहरुमै रहेको तालिममा सहभागि महिला किसानले बताउनु जनआकाशलाई प्रतिक्रिया दिदै बताउनु भएको हो ।

# स्वस्थानी व्रतकथा सकियो

काठमाडौं । पुस शुक्ल पूर्णिमादेखि शुरु भएको एक महिने स्वस्थानी व्रतकथा आइतवारदेखि सकिएको छ । हिन्दूधर्मालम्बिहरुको पौष शुक्ल पूर्णिमादेखि नै शुरु गरिएको स्कन्द पुराणअन्तर्गतको केदार खण्डको माघ माहात्म्यमा कुमार र अगस्त्यबीच भएको संवादलाई स्वस्थानी कथाका रुपमा भन्ने र सुन्ने क्रम आइतबार बेलुकी नै समापन गरी व्रतालु रातभर जाग्राम बसेर व्रतकथा पढेर समापन गरेका थिए । विधिपूर्वक एक महिने व्रत गरेकाले माघ शुक्ल पूर्णिमाका दिन १०८ जनै, १०८ सुपारी, १०८ पान, १०८ फूल, १०८ रोटी, १०८ अक्षता विभिन्न थरीका फलफूल, धूप, बत्ती, नैवेद्य, श्रीखण्ड, रक्तचन्दन, सिन्दूर, बस्त्र, भेटी चढाई व्रतको कामना पूर्ण होस् भनी भगवतीलाई अर्घ्य दिने



गरिन्छ । चढाइएका प्रसादमध्ये सबैबाट आठ/आठ पतिलाई, पति नभए छोरालाई र छोरा पनि नभए मीत छोरालाई एवं मीत छोरा पनि नभएमा कामना सिद्ध होस् भनी नजिकको पवित्र नदीमा लगी बहाउने बाँकी २ पृष्ठमा

CENTURY BANK सेञ्चुरी बैंक

Century Savings + Account

खाता खोली जीवन सुखी र समृद्ध बनाऔं



आकर्षक सुविधाहरु:

- आकर्षक बीमा : प्राणघातक रोग/दुर्घटना/दीर्घकालीन अशक्तता #
- ६.५% व्याजदर
- न्यूनतम मौज्दात : रु. ५०,०००/-
- नि:शुल्क डिजिटल बैकिङ्ग *
- SWIFT/TT मा ५०% छुट*
- नि:शुल्क लकर * तथा ABBS सुविधा
- Good For Payment शुल्कमा ५०% छुट *
- नेपालका अन्य कुनै बैंकको ATM बाट पैसा निकाल्दा शुल्क नलाग्ने
- कर्जा सुविधामा विशेष छुट

# खातावालाहरुका लागि IME General Insurance Ltd. बाट बीमा गर्ने व्यवस्था गरिएको छ ।

*शर्तहरु लागु हुनेछन् ।

सरल बैकिङ्ग... सबैका लागि

सेञ्चुरी कमर्सियल बैंक लिमिटेड

प्रधान कार्यालय: पुतलीसडक, काठमाडौं, फोन : ४४४५०६२/४४४०४२१

फ्याक्स: ४४४१४२२, ईमेल: welcome@centurybank.com.np, वेब: www.centurybank.com.np

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय__________

# सरकार बिरुद्ध मोर्चाबन्दी गर्नु कति ठिक ?

यतिवेला नेपालको सरकार बिरुद्ध बिभिन्न खालका आन्दोलन देशमा देखिएका छन् हुनत ति आन्दोलन गर्ने पार्टीहरुले अहिलेको सरकार त्यतिबेलै गठन भएदेखि नै आन्दोन गर्ने भन्दै बिरोध गर्दै आएका थिए र बिज्ञप्ति प्रकाशन गर्दै पनि आएका छन् । २०७४ को प्रतिनिधिसभा र प्रदेशसभामा नराम्रो हार ब्यहोरेका पार्टीहरु र ठुलै पार्टीको रुपमा दरिए पनि नेपाली कांग्रेस लगायत पार्टीहरुले नेकपाको सरकार बिरुद्ध काही कुनै पनि दवाव सृर्जन गर्ने खालका कार्यक्रम गरेको देखिएको थिएन । बिज्ञप्ति भने निकाल्दै आएका छन् ।

अहिले पछिल्लो समय एम सिसि सम्झौता, ललिता निवास प्रकरणको बिषयमा एकैपटक धेरै तिरवाट आन्दोलन उठेको देखिन्छ । विगतका आन्दोलनको जस्तै यो पनि एउटा आन्दोलनको रुप जस्तै छ । २००७ सालमा राजा र प्रजातन्त्रवादी एक ठाउँमा आएका थिए २०४६ सालमा पनि सबै बाम गठबन्धन र प्रजातान्त्रिक शक्ति एक ठाउमा आएको थियो भने २०६३/६३ को आन्दोलनमा पनि सात पार्टी र माओवादी एक ठाउँ भएपछि आन्दोलनले एउटा रुप धारण गरेको थियो त्यसैको जगवाट बनेको संविधान र अहिलेको सरकार पनि त्यसैमा टेकेर बनेको हो । तर यो सरकार बिरुद्ध फेरि पुनः सबै पार्टीहरु एक ठाउमा गोलबद्ध हुदैछन् । यो समयमा आन्दोलन ठिक की बेठिक भन्ने बिषय पनि उठेको छ ।

गएको शुक्रवार सरकारमा नरहेका जति सबै पार्टीहरुले नेकपाको सरकार बिरुद्ध बिभिन्न ठाउँहरुमा बिरोधसभाहरु गरेका थिए । असन, शान्ति बाटिका, पाटनक्षेत्र, अख्तियार दुरुपयोग अनुसन्धान आयोग,नेपालका अन्य जिल्लाहरुमा समेत बिरोधका नाराहरु घन्काएका थिए ।

यो बिरोध केपी ओलिको नेतृत्वमा बनेको सरकारको दुई बर्षे कार्यकालको सवैभन्दा बढी बिरोध मान्न सकिन्छ । यो भन्दा अगाडी साना तिना बिरोध भए पनि खासै उल्लेखिय मात्रमा पार्टीहरुको सहभागिता रहेको थिएन । स्वत स्फुर्त काठमाडौंका नेवार समुदायले गुठी बिधेयक बिरुद्ध भने जनसागर उतारे पछि सरकार पछाडी हटेको थियो तर त्याहा कुनै पार्टीको संलग्नता थिएन ।

अहिले नेपालको सरकार बिरुद्ध आन्दोलन उठ्नु स्वभाविक पनि हो । दुइ तिहाईको. सरकारले दुई बर्षमा जे जति काम गर्नु पर्दथ्यो त्यो कतै पनि अडानका साथ जनताको पक्षमा काम गरेको देखिएन । नेपालवाट युवाहरु बिदेश जाने लर्को कायम नै छ । उनिहरुको लागि ठुला ठुला उधोग खोलेर नेपालमा नै रोजगार सृर्जना गरी काम गराउन सक्ने वातावरण सरकारले गराउन सकेन । नेपाली कांग्रेसको सरकारको पालमा हस्तक्षर भइसकेको एमसिसि अमेरिकन मिलेनियम च्यालेन्जिङ कर्पोरेशनवाट प्रप्त हुने रकम के कुन प्रयोजन र कसरी किन भन्ने बिषयमा जनतालाई प्रष्ट पार्न सकेन राष्ट्रको हितमा छ भने सम्झौताको पत्र नेपाली जनतामा सार्वजानिक गरेर जानसक्नुपर्छ । राष्ट्र हितमा छैन भने अस्वीकार गर्नुपर्छ त्यसको अलवा अन्तराष्ट्रियस्तरमा बिशेष गरेर चीन र अमेरिका बीचको प्रतिस्पर्धाको भारतको चासोको त्रिपक्षीय दवावमा नेपाल पर्नु हुदैन । नेपालको परराष्ट्र नीति असंलग्न रहदै आएको छ भनी बुझाउन नसक्दा यो सरकार चुकेको देखिन्छ । अर्को तर्फ नेपली जनताको सरकार हुनु पर्नेमा नेकपाको सरकार मात्रै बनेर जनताको सेवा सुबिधामा ध्यान दिन नसक्दा सर्वसाधारण जनताहरु पनि सरकारले गरेका कामहरुमा रुष्ट बन्दै गइरहेकाछन् ।

त्यसकारण आन्दोलन स्वभाविक भए पनि वेला वेलामा नेपालको आन्दोलन नेपालीले गरेको देखिए पनि त्यसको पछाडी कुनै बिदेशी उद्देश्य पुर्ति गर्नको लागि गरेको देखिन्छ । नभए नेपालमा २००७ साल देखि अहिले सम्मको अवस्थालाई हिशाव गर्दा ७० बर्षमा पात्रहरु फेरिए पनि नेपालको बिकाश फेरिएन बरु उल्टै नेपालसँग भएका उधोग कलकारखाना ब्यापार चौपट बनेका छन् । पुरानै पात्राहरुले कुन उदेश्य राखेर आन्दोलन गर्दैछन् त्यो बुझेर मात्र आन्दोलन गर्नु युवा पुस्ताको लागि हितकर होला नभए यो वा त्यो वाहाना गर्दै द्वन्द्ववाट केही समय अरु प्रगति नभए पनि शान्तिसँग काम गरेर बाच्न पाएका नेपाली नागरिकहरुलाई अर्को तनाव दिनु उचित देखिदैन ।

संसारका मुलुकहरु क्रान्तिपछि परिवर्तन भएकाछन् बिकाश गरेका छन् हाम्रो मुलुक आफनै देशका उधोग कलकारखाना सिध्याउन र बिदेशी प्रभु रिझाउन मात्र आफनै दाजुभाईमा काटमार गराउन मात्र प्रयोग भएका छन् । त्यस्तै खालको आन्दोलन नेपालीले फेरि चाहेका छैनान् ।

नेपालीले नेपालको हितका लागि योजना बनाउन सक्ने र प्रभावकारी काम गरेर देखाउन सक्ने पत्यारिलो युवाहरुको खोजि गरिरहेका छन् त्यस्तो नेतृत्व नपाउन जेलसम्मको लागि युवाहरुले हतार गर्नु हुदैन । त्यस्तो खालको युवा नेतृत्व नआओस भनेर पुरानै पात्राहरु बिभिन्न दुतावास धाउदै बाहिर मुखुण्डो देखाउदै छन् सोच बिचार गरेर मात्र आन्दोलनमा सहभागी हुनुपर्छ । नभए सिकिम जस्तै नेपालको अस्तित्व धराममा पर्न सक्छ । सबै आन्दोलन ठिक नहुदा रहेछन् माथि हामीले पढी सक्यौ । सहि र उदेश्य लक्षित साथै नेपालमुखी आन्दोलन हो भन्ने प्रमाणित हुने अभियाँनमा मात्र सहभागि होऔं । त्यसैवाट मात्रै नेपालको र नेपालीको हित हुन्छ नेपाल र नेपाली कै जित हुन्छ । अन्यथा लाग्यौ भने आन्दोलन नेपालीले गर्छौ जित बिदेशीको हुन्छ । बिदेशीलाई जिताउने आन्दोलन कहिल्यै नगरु ।

# एउटा सफल क्रान्त्रिका नायक डा. साप

दिनेशराज खरेल
लेखक



क्रान्त्रि भन्ने शब्द सुन्ने पढ्ने बित्तिक्कै जो कोहिलाई लाग्न सक्छ एउटा विद्रोह, हिंसा रक्तपात युक्त वातावरणवाट उत्पति भएर आएको शब्द हो । समग्रमा क्रान्त्रिको शब्दलाई अथ्याउने हो भने बिद्रोह नै भन्ने अर्थ लाग्छ तर म याहा एउटा क्रान्त्रिकारी डाक्टरको प्रसंगलाई जोड्न गईरहेको छु । जो बिसद्ध सेवा मुलक कामवाट क्रान्त्रिकारी बन्न सफल नायक हुनुहुन्छ ।

चिकित्सक क्षेत्रमा विचारको क्रान्त्रि गरी कामलाई सेवामा समर्पित गर्दै बिश्वको सर्वोच्च सिखर सगरमाथाभन्दा अग्लो उचाई बनाउनु भएको नेत्रज्योति बिशेषज्ञ प्रध्यापक बैज्ञानिक तथा तिलगंगा आँखा प्रतिष्ठानका संस्थापक डा. सन्दुक रुइत । डा. सन्दुक रुईत देख्दा सामान्य ब्यात्कि देखिनु हुन्छ । उहाको पहिरन, बोलिचाली र सरलपन देख्दा जो कोहि ब्याक्तिले पनि यति ठुलो र असल मान्छे हुनुहोला भनि पत्याउन गाह्रो छ । डा. भन्ने बित्तिक्कै हाम्रो समाजमा मान र प्रतिष्ठाको पद सम्झने चलन छ । ठुलो मान्छे टाईसुट लगाउने गलामा बिरामी जाच्ने मेशिन भिरेको भन्ने मानसिकता छ । तर उहामा अलिकति पनि अहमता भन्ने कुराको महसुस पाईदैन । उहाँ सारै नै सामान्य जीवनशैली र उच्च क्रान्त्रिकारी कर्मशील बिचारधारा बोकेको ब्याक्तित्व हुनुहुन्छ । डा. रुईतको मन बिरामीको नेत्रज्योति फर्काउने तन बिश्वभरका अप्ठ्यारा भुगोलमा उज्यालो नदेखेका उहाँलाई कुरिरहेकाहरुको प्रतिक्षा पुरा गर्नु नै हो । यसरी देश बिदेशका बिभिन्न कुना कन्दरामा पुगेर उहाँले एक लाँख पचासहजार भन्दा धेरै ब्याक्तिको गुमेको नेत्रज्योति फिर्ता गरिसक्नु भएको छ । डा. रुइत नेपालको उत्तरपुर्वी भेगको ओलाङचुङगोलाको हिमाली गाउमा जन्मनु भएको हो । त्यो स्थान विश्वको तेस्रो उच्च हिमाल कञ्चनजंगा बग्ने तमोर नदीको खोचमा पर्दछ । त्यो वालुङ भनेर परिचित त्यो गाउँ वालुङगा जातिको थातथलो हो । वालुङगा समुदायका पुर्खहरु सातैपुस्ता पहिला तिब्बतवाट बसाई सराई आएको बताईन्छ । उहाँको बुबा सामान्य ब्यापारी हुनुहुन्थ्यो । त्यतिवेलाको ओलाङचुङगोला अशिक्षित र पिछडिएको र भौगोलिक बिकटताले दुर्गम ठाउँ थियो । तर रुइतका बुबा सोनामलाई छोराछोरीलाई पढाउनुपर्छ भन्ने मानसीक बिकाशको चेतना भएको पाइन्छ । किनकी सोनाम ब्यापार गर्ने शिलशिलामा गाउँवाट धेरै टाठाबाठा सम्म नेपालका बिभिन्न भेग र भारतको कलकत्ता सम्म घुमफिर गरिरहनु हुन्थ्यो । त्यसकारण उहाले पढाईको महत्व बुझ्नु भएको थियो । बुबाले उहाँलाई दार्जेलिङको इसाई स्कुल सेन्ट रोबर्टस स्कुलमा पढ्न भर्ना गरिदिनु भयो । पछि काठमाडौंको सिद्धार्थ बनस्थलीमा पढाईलाइ निरन्तरता दिनुभयो र बिश्वबिद्यालयको स्तरीय पढाईको लागि छात्रावृत्ति पाउन कडा परिश्रम गर्नुभयो । तत्पश्चात भारतको तेस्रो ठुलो शहरमा चिकित्साशास्त्र अध्ययन गर्नु भयो । त्यो समय सन् १९७२ तिरको हो । त्यतिवेला रुइत १९ बर्षको हुनुहुन्थ्यो । परिश्रमि मेहनति र जेहेन्दार बिद्यार्थी रुइतको चिकित्साशास्त्र अध्ययन गरिसकेपछि नेपाल फर्कनु भयो । उहाँले त्रिपुरेश्वरको नेपाल आखाँ अस्पतालमा जुनियर डाक्टरको रुपमा सेवा गर्ने मौका पाउनु भयो ।

कामको सिलसिलामा उहाँले अप्ठ्यारा परिस्थितिको सामना पनि गर्नु भयो । मानसिक दवाव श्रमशेषण र जातिय उपेक्षाले आजित हुनुपर्‍यो । दुखः पाएपनि, अप्ठ्यारो झेल्न परेपनि उहाँमा आँखाको दृष्टि गुमेकाहरुलाई संसार देखाउने र समाज सेवा गर्ने आट र साहास थपिएको थियो । डा. रुइतको प्रत्येक सफलताको पछाडी उहाँकी जीवनसाथीको बिशेष हात रहेको उहाँले स्वीकार गर्नु भएको छ । कामको सिलसिलामा उहाँ बिदेश गईरहनु हुन्थ्यो । साथै आफुलाई अप्ठ्यारो पर्दा र कामको सहयोगका लागि बिदेशी डा. साथीहरुको सरसल्लाह साथ र सहयोग लिनुहुन्थ्यो । यसै गरि बिदेशवाट पनि उहाँको काम हेर्न र सहयोग गर्न बिदेशी डाक्टर साथीहरु आईरहनु हुन्थ्यो । बिदेशी डाक्टर साथीहरुले बिभिन्न चिकित्सकीय सामग्री लगायत आर्थिक सहयोग उपलब्ध गराईदिनु भयो । यसरी डा. रुइतको मानवीय लोक कल्याणकारी कार्यवाट बिश्वस्तरमा पुर्‍याउन हर समय साथ सहयोग र प्रेरणा दिईरहने ब्यात्कि उहाँकै अनन्य मित्र अष्ट्रेलियन नागरिक फ्रेड हलोज र उनकी श्रीमति हुन ।

नेपाली र बिदेशी साथीहरुको सहयोगमा जव उहाँले तिलगंगा आँखा अस्पताल स्थापना गर्नु भयो त्यसपछि बिस्तारै सहयोगको ओइरो लाग्न थाल्यो । यतिसम्म कि नेपालका तत्कालीन राजा वीरेन्द्रले पनि उहाँलाई उच्च कोटीमा राखेर मुल्याङकन गर्नु हुन्थ्यो । साथै रुइतले अस्पतालको उदघाटन पनि राजा वीरेन्द्रवाट नै गराउनु भएको थियो । त्यतिखेर तत्कालीन प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला हुनुहुन्थ्यो । उहाँले देशी बिदेशी साथीहरु लगायत बौद्धमार्गी गुरुहरु, बौद्ध धर्म गुरु दलाई लामा, गुरु गोरखनाथका गुरु योगि नरहरिनाथको आर्शिवाद र उर्जा प्रप्त गरिरहने मौका पाउनु भयो ।

डा. रुइत जस्तोसुकै परिस्थितिमा पनि निडर साथ निर्णय लिनु हुन्छ । उहाँले नेपालमा चलेको १० बर्षे युद्धको समयमा पनि गाउँ गाउँमा गएर सेवा प्रदान गर्नु भयो । जाहाँ आँखा शिविर भईरहेको थियो त्याहाँ भन्दा पर गोलावारी भईरहदा पनि बिचलित नभईकन मोतियाबिन्दुको अप्रेशन गरिरहनु हुन्थ्यो । संसारको निरंकुश तानाशाही राज्य व्यवस्था भएको मुलुक उत्तर कोरियामा पनि गएर मानिसको नेत्र ज्योति फर्काएर संसार देखाउने काम गर्नु भयो तर हासो उठ्ने कुरा के छ भने मोतिया बिन्दुको उपचार पछि कोरियालीहरुले जव संसार देखे उनिहरुले डा. रुइतले गर्दा संसार देखेको भन्ने सोचेनन् ताकि दौडिएर गएर आफ्नो साशकको सालिकमा गई प्रथना गरे र शासकलाई धन्यवाद दिए । त्यस प्रकारको कोरियाली नागरिकको चिन्तनले उहाँलाई मन कुडाएको पनि पाईन्छ ।

डा. रुइतको काम प्रति चाख देखाउन संसारका उच्च तहका ब्याक्तिहरु बारम्बार आउथे । उहाँलाई भेट्थे वा सम्मान साथ बिदेशमै बोलाउथे यसै क्रममा बेलायति राज परिवारका सदस्यले समेत चासो देखाएका थिए । छन् । बेलायति राजगद्दीको रोलक्रममा सातौ नम्वरकी राज कुमारी बिअट्रिकले उहाँको काम र दक्षतालाई नजिकवाट नियाल्ने मौका पाईन । डा. रुइतसँग राजकुमारीको यात्रालाई लिएर नपाली र भारतीय समाचारपत्रहरुले प्रथम पृष्ठमा समाचार बनाइरहेका छन् ।

उहाँलाई पछाडि पार्न देशी बिदेशी शक्तिहरु निरन्तर लागिरहे । यति सम्म कि बिश्व स्वास्थ्य संगठनका वरिष्ठ डाक्टरहरुले डा. रुइतले जे गरिरहेका थिए त्यो काम नगर्न दवाव दिए र उनिहरुको गरिखाने भाडोलाई अवरोध नगर्न भन्दै चुनौति खडा गरिदिए । उहाँ माथि विभिन्न धम्की र डर पनि सिर्जना गरियो । त्यसको बाबजुद संघर्ष गर्दै जानु भयो र आज आँखामा प्रयोग हुने अप्टिकललेन्स नयाँ तरिकावाट नेपालमा उत्पादन गर्न सफल हुनु भयो जुन लेन्स अप्रेशन नगरी पनि आँखामा राखेर आँखा देख्न सकिन्छ । जुन लेन्स आज बिश्व बजारमा बिक्रि बितरण हुन पुगेको छ यो नेपालीहरुका लागि गर्वको बिषय हो ।

डा.रुइत बिश्वका कुनै पनि सफल ब्यात्कित्वहरु भन्दा कम हुनुहुन्न । उहाँको सफलताको बिश्वभर चर्चा परिचर्चा छ । बिश्वभरीवाट मान सम्मान र पदवीहरु पाउनु भएको छ । नेपालवाट सम्मान र पुरुस्कृत गर्नुपर्ने कुनै पनि संस्थाहरुले उहाँलाई सम्झन बाँकी राखेका छैनान् । उहाँलाई राष्ट्रिय अन्तराष्ट्रिय मान पदवीवाट सम्मान र पुरुस्कृत गर्ने क्रम जारी छ । तसर्थ उहाँ एक अदभुत र अनुकरणीय ब्याक्तित्व हुनुहुन्छ । साथै आजको आवाश्यक्तालाई मध्य नजर गर्दै बिद्यालय स्तरमा पनि उहाँको जीवनीलाई समावेश गरिएको छ । यसले उहाँप्रति सम्मान र कदर हुन पुगेको छ । तर साना भाई बहिनीहरुले आफुलाई प्रेरेणाको स्रोतको रुपमा रुपान्तरण गर्न सहयोग पाउने छन् ।

डा. रुइतको जीवनको आरोह ( अवरोह, सुःख दःख, सफलता, कर्मनिष्ठ, निरन्तरता र लगाव झुकावको वारेमा हामीले जति नै प्रंशसा गरेपनि सकिदैन । उहाँले आफ्नो जीवनमा प्रेरेणाको स्रोत आफ्नो स्वर्गीय बहिनी याङला र अष्ट्रेलियन मित्र फ्रेड हलोज भएको बताउनु हुन्छ । डा. रुइतको वास्तविक जीवन कहानी पुस्तकको रुपमा बजारमा आएको छ । त्यो पुस्तक अष्ट्रेलियन महिला पत्रकार अलि ग्रिपरले लेख्नु भएको हो ।

त्यसको नेपाली अनुवाद लेखक तथा साइत्यकार खगेन्द्र संग्रौलाले गर्नु भएको छ । " सन्दुक रुइत" नामक पुस्तक पढेपछि डा. रुइतको वास्तविक ब्यात्कित्वको बारेका थाहा पाउन सकिन्छ । यो पुस्तकले समाजमा नयाँ पुस्तालाई प्रेरेणाको ईटा थप्न बिशेष सहयोग गर्ने छ ।

## मेलम्ची.....

पुगेपछि भाडा कतिवेला भाडा असुल्न पाए हुन्थ्यो भन्ने ध्याउन्न मात्र हुन्छ । अर्को तर्फ कहिले बैशाख आउला र घरभाडा बढाउन पाइएला भन्ने मनोभावना राखेर बसेका हुन्छन् । तर त्यही घरमा बसेका सुत्केरी आमा, साना साना बालबच्चा लिएर बसेका आमाहरुले पानीको अभावमा ति बाल बच्चाहरुको स्याहार राम्रो गर्न नसक्दा कति पिडा हुदो हो । ति आमा बनेर हजुर आमा बनिसकेका घरबेटीहरुलाई थाहा हुनुपर्ने हो । र मरेर लानु केही छैन केही बाचेको समय ति सुत्केरी, साना साना बालबच्चा भएका आमाहरुको लागि थोरै भए पनि पानी उपलब्ध गराएर सहयोग गरु भन्ने कत्तै पनि देखिदैन । कतिपय घरबेटीहरुले त पानी आउने धारामा पनि साचो लगाएर राखेको देख्दा कुनै दानव छ भने यो पृथ्विमा मानिसको रुपमा नै दानवहरु छन् भन्ने देखाउछ । खानेपानीको अभाव हुन्छ काठमाडौंको जनघनत्व बढ्छ भनेर अनुमान गरेर नै झण्डै ३२ बर्ष अगाडी बनाइएको मेलम्ची खानेपानी आयोजना बनाउन नै शुरु गरेको १८ बर्ष भईसकेको छ । तर २ बर्ष अगाडी नै ९० प्रतिशत काम सकिएको आयोजनाको काम हाल सम्म सकिएको छैन । काठमाडौमा आरस्यानिक मिसिएको पानी बेच्दै आएका एक खालका पानी माफियाहरुले चलखेल गरेर पनि ढिलो गरेको समाचार पनि आएका थिए । भने आर्को तर्फ यो १८ बर्षमा जो जो खानेपानी मन्त्री भए तिनिहरुले समय थप गर्ने र लागत बढाउने र कमिशन कुम्ल्याएर काठमाडौमा घर बनाउने गरेकाछन् भनेर जनताहरुले आरोप लगाउदै आएका छन् । तर पनि खानेपानीको समस्या जस्ताको तस्तै छ । मेलम्ची खानेपानी आयोजना झन ढिलो झन झन ढिलो भइरहेको छ ।

मानिसहरु सुद्ध खानेपानीको अभावका कारण बिभिन्न रोग लागेर समस्यामा परेका छन् । झनै आउदो फागुन, चैत्र बैशाख, जेठ, सुख्खा मौषमका महिनाहरुमा त खानेपानीको चरम अभान हुने गर्छ । यो समयलाई ध्यानमा राखेर सम्बन्धित निकायले यो संवेदनशील बिषयमा ध्यान दिएर मानिसले तिर्खा लाग्दा कमसे कम पिउनको लागि पानी त पाउन भन्ने सोच राखेर काम गर्नुपर्छ आवाश्यक भए मेलम्चीको काममा नेपालका युवाहँरुलाई तीन सिफ्ट बनाएर काम गराई छिटोभन्दा छिटो काठमाडौमा पानी ल्याउनु ढिलो गर्नु हुदैन । तव मात्र दुईतिहाइको सरकारको साख रहन्छ । नभए त जुन जोगी आए नी कानै चिरेको । तिनै मजदुर गरिव जनताले तिरेको करको पैशावाट सरकार र सरकारको वरिपरि कमिशनमा रमाउनेहरुले त जारको पानी किनेर खालान् तर कुनै दिन त्यो इतिहाँसमा कलंकको टिका भने धब्बाको रुपमा रहने कुरामा पनि ख्याल गर्नु मनासिव होला ।

## दोलखाको.....

सार्वजानिक जगा हड्पेको थाहा भयो र स्थानीयहरुले त्यसको कडा बिरोध गरेका हुन् ।

## स्वस्थानी.....

व्रत विधि छ । आफू बसेको स्थानकी देवीको पूजा गर्नु नै स्वस्थानी पूजा हो । उत्तरायणपछिको समय ध्यान, योग साधनाका लागि उपयुक्त भएकाले स्वस्थान अर्थात् आफ्नो आत्मामा सम्पर्कको अभ्यास गर्नुलाई स्वस्थानी भनिएको विश्वास पनि छ । यसका लागि पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्मको समय राम्रो मानिन्छ । सुवर्ण वर्णकी, त्रिनेत्रधारी, प्रसन्न मुद्रा भएकी, कमल र सिंहासनमा बसेकी, चार हात भएकी देवीलाई स्वस्थानी देवी भनिन्छ । स्वस्थानीको चार हातमध्ये पहिलो हातमा नीलकमल, दोस्रो हातमा खड्ग, तेस्रो हातमा ढाल र चौथो हातमा वरदमुद्रा लिएकी देवी स्वस्थानी हुन् भनी व्रतकथामा उल्लेख गरिएको छ । यस्ती देवीको विधिपूर्वक व्रत गरेमा बिछोड भएका जोडीको पुनर्मिलन हुन्छ भन्ने विश्वास छ । रोग व्याध लागेको भए ठीक हुने र पति वा पत्नीका रुपमा कसैलाई इच्छाएको भए प्राप्त हुने कथा समेत प्रचलित छ । सत्य युगमा हिमालय पर्वतकी पुत्री पार्वतीले महादेवलाई पति पाऊँ भनी विष्णुको निर्देशानुसार स्वस्थानीको व्रत गरेको कथा स्वस्थानीमा वर्णन गरिएको छ । व्रतपछि बिछोडमा परेका नाग नागिनीको समेत पुनर्मिलन भएको कथामा उल्लेख छ । गोमा ब्राह्मणीले सप्तऋषिले सिकाएको व्रतविधिअनुसार गर्दा पुत्र वियोगबाट मुक्ति मिलेको र व्रतकै प्रभावले छोरा नवराज लावण्य देश हालको साँखु क्षेत्रको राजा भएको कथा समेत स्वस्थानीमा वर्णन गरिएको साँखुको ऐतिहासिक, धार्मिक, पुरातात्विक, सांस्कृतिक र पर्यटकीय विषयमा अनुसन्धानरत इतिहासकार प्रकाश श्रेष्ठ 'सक्व' ले जानकारी दिनुभयो । उपत्यकाको पूर्वी भेगस्थित शालिनदीमा पुस शुक्ल पूर्णिमादेखि शुरु भएको माधवनारायण व्रत पनि आज बिहान अश्वमेध यज्ञ गरी समापन गरिएको श्री माधवनारायण स्वस्थानी व्रत तथा शालिनदी सुधार समितिले जनाएको छ । व्रतालुलाई आज भोज खुवाइन्छ ।

# नेपालमा सबैभन्दा सस्तो सेवा हामी दिन चाहान्छौं

सीजी टेलिकमको लाइसेन्सको विषयलाई लिएर सञ्चारमन्त्री गोकुल बास्कोटा र व्यावसायिक घराना चौधरी ग्रुप सार्वजनिकरुपमै वाकयुद्धमा उत्रिएका छन्। सञ्चारमन्त्री बास्कोटाले प्रक्रिया पुर्‍याएर र २० अर्ब रुपैयाँ बुझाएर आएपछि मात्रै सिजी टेलिकमलाई लाइसेन्स दिन सकिने बताउँदै आएका छन्। चौधरी ग्रुपका अध्यक्ष बिनोद चौधरीले सञ्चारमन्त्रीको यो कुरालाई कुरा नबुझी भ्रम फैलाएको भन्दै सार्वजनिकरुपमै प्रतिक्रिया जनाएका छन्। आइतबार सीजी टेलिकमले पत्रकार सम्मेलन नै गरेर सञ्चार मन्त्रीको उक्त भनाईप्रति आपत्ति जनाएको छ। यसै सन्दर्भमा चौधरी ग्रुपका प्रबन्ध निर्देशक निर्वाण चौधरीको भनाई प्रस्तुत गरेका छौं।

**पछिल्लो समय सिजी टेलिकमले पाउने लाइसेन्सको विषयमा सञ्चारमन्त्री गोकुल बास्कोटा र तपाईंहरु बीच वाकयुद्ध जस्तै देखिएको छ। यो अवस्था किन आयो ?**

यस विषयमा हामीबीच कुराकानी नै भएको छैन। सञ्चारमन्त्रीसँग भेट गर्नका लागि एकरडेढ वर्षदेखि म प्रयासरत छु। १५र२० पटक प्रयास गर्दा पनि मन्त्रीज्यूले समय दिनुभएको छैन। त्यसमा पनि मलाई समस्या भएन। मन्त्रीज्यू व्यस्त हुनुहोला।

तर नियम, पोलिसी र कानून त स्पष्ट छ नि। नेपाल दूरसञ्चार प्राधिकरणलाई सम्पूर्ण कागजपत्र बुझाइसक्यौं। २ वर्षको अवधिमा ६/७ वटा पत्र पनि बुझाइसकेका छौं। जसमा बुझाउनुपर्ने २० अर्ब रुपैयाँ यसरी तिर्छौं भनेर लिखित रुपमै पनि बुझाएका छौं।

प्राधिकरणले मन्त्रीज्यूकहाँ फाइल पठाएको छु भन्छ। अहिलेसम्म निर्णय नभएपछि हामीले किन निर्णय भएन भनेर मन्त्रीज्यूबाट जानकारी लिऔं न त भन्दा उहाँले हामीलाई समय नै दिनुहुन्न। र, जवाफ पनि दिनुहुन्न।

**प्रचण्ड प्रधानमन्त्री भएका बेलामा मन्त्रिपरिषदको बैठकले तपाईंहरुलाई लाइसेन्सको बाटो खुलेको हो। तर आज त्यो निर्णय अर्काइभमा भेटिँदैन नि ?**

मन्त्रिपरिषदको बैठकले निर्णय गरिसकेपछि त्यो राजपत्रमा आउनु पर्ने थियो। २०५३ सालको नियमावली हेर्ने हो भने मन्त्रिपरिषदले निर्णय गरिसकेपछि युनिफाइड लाइसेन्स जसलाई पनि दिन सकिन्छ भनेर लेखेको छ। तर प्राधिकरणले मन्त्रालयलाई यो निर्णय भइसक्यो यसलाई राजपत्रमा निकाल्नु कि ननिकाल्नु भनेर पत्र पठायो।

**सञ्चारमन्त्री बास्कोटाले २० अर्ब तिरेर प्रक्रिया पुर्‍याएर आए लाइसेन्स दिन्छौ भन्नुभएको छ। मन्त्रीज्यूले भनेजसरी नै खुरुक्क लाइसेन्स लिए भैहाल्यो नि, किन अनेक बखेडा गर्नुभएको ?**

त्यसोभए पनि एनसेललाई भने भयो नि। २० अर्ब तिरेर लाइसेन्स लिने हो भनेर जसरी मन्त्रीज्यूले भन्नु भएको छ, कुन नियम कानून अहिलेको टेलिकम एकदमै क्यापिटल इन्टेन्स क्षेत्र हो। हामीले लगानी बोर्डमा पनि भनिसक्यौ। यो क्षेत्रमा हामीले २५ अर्ब रुपैयाँ लगानी गर्दैछौं। र, एउटै क्षेत्रमा यति ठूलो लगानी आफैमा ठूलो हो।

कुनै पनि कम्पनीसँग असीमित स्रोत र साधन त हुँदैन नि। त्यसका लागि त सेवामा जानु पर्‍यो नि। हामीले एनसेललगायतका टेलिकमलाई जे सुविधा दिएको छ राज्यले त्यही सुविधा मात्रै माग गरेको हो। त्यसभन्दा अतिरिक्त केही पनि माग गरेका छैनौं। २० अर्ब रुपैयाँ ल्याउन त्यत्ति सजिलो पनि छैन।

**तपाईहरुकै कुरालाई आधार मान्दा सञ्चारमन्त्रीले कुरा नबुझेको हो भने यही विषयलाई लिएर प्रधानमन्त्री वा अरुसँग कुरा राख्नु भएको कि भएन ?**

राम्रोसँग बुझ्ने भन्ने त प्राधिकरणले नै हो। उहाँहरुलाई प्रष्टसँग थाहा छ। तर मन्त्रीज्यू भनेको कुरा मात्रै हो।

**सञ्चारमन्त्रीसँग अन्तराष्ट्रिय मञ्चमै पनि सँगै हुनुहुन्थ्यो, पछिल्लो समय सम्बन्ध कसरी बिग्रियो ?**

हामीबीच त्यस्तो केही सम्बन्ध छैन। २-३ पटक अनौपचारिक भेट मात्रै भएको हो। मोबाइल वर्ल्ड कंग्रेसमा एउटा नेपाली मोबाइल कम्पनीले टकसेलसँग रणनीतिक साझेदारी गर्‍यो हामीले सञ्चारमन्त्री ज्यूलाई अनुरोध गर्‍यौं कि तपाई दिनुहोस्। उहाँ आउनु पनि भयो। त्यसपछि ६ वटा जति पत्र पठायौं। तर केही पनि भएन।

प्राधिकरणले हामीलाई १ वर्षअघि नै पहिलो किस्ता जम्मा गर्न आउनुहोस् लाइसेन्स लैजानुहोस् भनेर पत्र नै दिएको थियो। त्यसपछि हामीले लाइसेन्स पाउँछौं भनेर प्रतिवद्धता जनाउनु हुन्छ भनेर सोध्यौ तर त्यसपछि जवाफ आएको छैन।

**भनेपछि मन्त्रीज्यूबाट फाइल अगाडि नबढाएको भन्न खोज्नु भएको हो ?**

हाम्रो लागि प्राधिकरणमा हो। प्राधिकरणले मन्त्रालयमा कुरा गर्ने हो। अरु कुरा केही पनि होइन।

**पछिल्लो समय चौधरी ग्रुपले सञ्चार मन्त्री बास्कोटा र सरकारलाई चुनौति दिइरहेको छ, दुइतिहाइको शक्तिशाली मन्त्री र सरकारलाई यसरी चूनौती दिँदा भोलि झन् समस्या पर्छ भन्ने लागेको छ कि छैन ?**

चूनौति हामीले दिएको होइन। हाम्रो जस्तो सानो कम्पनीले चूनौती दिन मिल्दैन पनि। उहाँले नै एउटा खालका डाटा, कस्टका विषयमा सार्वजनिक रुपमै जुन सेन्टिमेन्ट आयो त्यसपछि मात्रै सञ्चारमन्त्रीज्यूले २० अर्ब देउ लैजाउ भन्नु भएको हो।

तर उहाँले नबुझेको कुरा के २५ लाख दिएर २० अर्ब रुपैयाँ नै हामीले दिन नखोजेको उहाँमा भएको भ्रम मात्रै हामीले क्लियर गर्न खोजेको हो।

**त्यो भ्रम कसरी भयो होला त ?**

त्यो त उहाँलाई नै सोध्नु पर्ला।

**के अब लाइसेन्स पाउनेमा ढुक्क हुनुहुन्छ ?**

छैनौं। हाम्रोतर्फबाट काम गर्नेमा क्लियर छौं। तर क्लियर केमा छैनौ भने एउटा चिठीका लागि एक वर्ष कुर्नुपर्छ भने कसरी क्लियर हुने त ? अझ २/३ वर्ष पनि लाग्न सक्छ।

तर हामी केमा ढुक्क छौ भने हामी यो क्षेत्रमा नेपाली कम्पनीको लगानी हुनेछ। लाइसेन्स कहिले



**निर्वाण चौधरी**
**प्रबन्ध निर्देशक, चौधरी ग्रुप**

पाउँछौं भन्ने थाहा छैन। हामीले परीक्षा दियौं, नतिजा पनि आयो, कति अंक पायौ त्यो पनि थाहा भइसक्यो तर सर्टिफिकेट कहिले पाउने त्यो पनि त थाहा हुनुपर्‍यो नि।

**तपाईहरुलाई सरकारले राजनीतिक प्रतिशोध साँधेको हो ?**

त्यस्तो होइन। यही खालको युनिफाइड लाइसेन्स अरु कम्पनीले पनि पाएका छन्। ४-५ वर्ष भयो उनीहरु किन आएनन त ?

स्पेट्रम ब्लक गरेर किन बस्यो त ? यदी कुनै पनि चलाइरहेको कम्पनीलाई अहिले भोट्रोन मोनोपोलीमा ६७ प्रतिशत मार्जिनमा चलाइरहेको छ भने एउटा डिस्ट्रप्टिभ टेक्नोलोजी आएर जनतालाई सस्तोमा उपलब्ध गराउँछ भने मार्जिनको हालत के हुन्छ ?

**सञ्चारमन्त्रीले फाइल रोकेको हो भने प्रधानमन्त्रीकहाँ किन नजानुभएको त ?**

धेरै प्रयास गर्‍यौं। तर प्रयास सफल भएन। हामीले सोध्ने भनेको प्राधिकरणलाई हो। प्राधिकरणले मन्त्रीज्यूलाई सोध्ने होला त्यो हामीलाई थाहा कुरा भएन। प्राधिकरणमा हामीले ६ वटा पत्र पठाइसकेका पनि छौं।

**तपाईंहरुसँग सञ्चारमन्त्रीले व्यक्तिगतरुपमा केही मागेको पो हो कि ?**

होइन, होइन। मन्त्रीज्यू र हामीहरुबीच भेटघाट र कुराकानी नै भएको छैन। हाम्रो उद्देश्य भनेको सस्तो शुल्कमा सेवा उपलब्ध गराउने हो। यसले आम उपभोक्तालाई फाइदा गर्छ।

यस्तो कुरामा पनि सरकारले किन लाइसेन्स रोकिरहेको हो, हामीले केही पनि बुझ्न सकेका छैनौं। किन लाइसेन्स पाएनौं भनेर सरकारसँग बुझ्न खोजेका मात्रै हौं।

# नेपाल टेलिकमले विन्टर अफर ल्याल्यो

नेपाल टेलिकमले विभिन्न प्याकेज सहितको आकर्षक विन्टर अफर (Winter Offer) उपलब्ध गराएको छ। उक्त अफर अन्तर्गतको सेवा कम्पनीको वार्षिकोत्सव (२०७६ माघ २२ गते) देखि नै लागू भइसकेको छ र आगामी चैत ३० गतेसम्म उपयोग गर्न सकिने छ। यो भन्दा पहिले उपलब्ध अटम अफर (Autumn Offer) अन्तर्गतका सेवाहरुमा केही थप सुविधा तथा नयाँ प्याकेज समेत उपलब्ध गराएर विन्टर अफर ल्याइएको छ। जीएसएम प्रिपेड/पोष्टपेड तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा यी अफर प्रयोग गर्न सकिन्छ।

**अल टाइम डाटा प्याक**

अल टाइम डाटा प्याक अन्तर्गत १५ रुपैयाँ देखि ७ सय रुपैयाँसम्मका प्याक उपलब्ध छन्। यस अन्तर्गत ६० एमबी देखि १४ हजार एमबी सम्मका प्याकेज खरिद गर्न सकिने छ। यी प्याकेज प्रयोग गर्न सकिने समयावधि पनि १ दिन देखि २८ दिनसम्म हुनेछ।

**डे डाटा प्याक**

बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म प्रयोग गर्न सकिने डे डाटा प्याक अन्तर्गत अब १५ रुपैयाँमा २ सय एमबी डाटा प्रयोग गर्न सकिने छ। साथै १० रुपैयाँमा ८० एमबी डाटा समेत प्रयोग गर्न सकिने छ। यी दुबै डाटा प्याक खरिद गरेको २४ घण्टाभित्र चलाउन सकिने छ।

**नाइट डाटा प्याक**

बेलुकी ११ बजेदेखि विहान ६ बजेसम्म चलाउन सकिने नाइट डाटा




प्याक १२ रुपैयाँमा ४ सय एमबी खरिद गर्न सकिने छ। अनलिमिटेड नाइट डाटा प्याक अन्तर्गत १ रातको १८ रुपैयाँ र ७ रातको ९० रुपैयाँमा प्याक उपलब्ध गराइएको छ।

**सोसियल मिडिया प्याक**

सोसियल मिडिया प्याक अन्तर्गत सामाजिक सञ्जाल फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएप र ट्वीटर चलाउन सकिने छ। यस अन्तर्गत १० रुपैयाँमा ७० एमबी डाटा १ दिन, ३५ रुपैयाँमा २ सय ५० एमबी डाटा ३ दिन र ६५ रुपैयाँमा ६ सय एमबी डाटा ७ दिनका लागि उपलब्ध हुनेछ। यी प्याक जुनसुकै समयमा पनि चलाउन सकिने छ।

**युट्युब (स्ट्रिमिङ) डाटा प्याक**

युट्युब चलाउन १ दिन, ३ दिन र ७ दिन समयावधिका लागि प्याक लिन सकिन्छ। यी प्याक क्रमश: १५ रुपैयाँ, ३० रुपैयाँ र ६० रुपैयाँमा खरिद गर्न सकिन्छ। यसका लागि डाटा भोल्युम क्रमश: ३ सय, ६ सय ५० र १ हजार ४ सय एमबी प्राप्त हुन्छ।

**डे टाइम भ्वाइस प्याक**

डे टाइम भ्वाइस प्याक अन्तर्गत अब १५ रुपैयाँमा बिहान ५ देखि बेलुकी ५ बजेसम्म कल गर्न सकिने छ। त्यसैगरी १० रुपैयाँमा १ सय मिनेटको भ्वाइस प्याक प्रयोग गर्न सकिन्छ। यी प्याक २४ घण्टाभित्र उपयोग गर्न सकिने छ।

**पोष्टपेड प्याक**

जीएसएम पोष्टपेडका लागि विभिन्न प्रकारको प्याक उपलब्ध भइरहेकोमा अब ३ सय रुपैयाँको नयाँ प्याक समेत थप गरिएको छ। यस अन्तर्गत ६ सय २० मिनेट भ्वाइस वा ३ हजार एमबी डाटा लिन सकिन्छ। सो प्याक ३० दिनभित्र प्रयोग गर्न सकिन्छ।

**बिग डाटा प्याक**

नयाँ प्याकका रुपमा कम्पनीले बिग डाटा प्याक समेत उपलब्ध गराएको छ। यस अन्तर्गत १ हजार ६ सय रुपैयाँमा ९० दिनका लागि ३० जीबी र ३ हजार रुपैयाँमा १ सय ८० दिनका लागि ६० जीबी डाटा खरिद गर्न सकिन्छ। कम्पनीले अटम अफरको रुपमा उपलब्ध गराइरहेका अन्य अफरहरु भने विन्टर अफरमा पनि यथावत् रहेका छन्।

पहिलो पटक नेपाल टेलिकम एप डाउनलोड गर्ने ग्राहकलाई एक सय एमबी डाटा भोल्युम बोनसको रुपमा समेत उपलब्ध छ।

विभिन्न प्याकेज प्राप्त गर्नका लागि *1415# मा डायल गर्न सकिन्छ। कम्पनीको एप 'नेपाल टेलिकम' बाट पनि यस सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ। त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत यस सम्बन्धी विस्तृत जानकारी लिन सकिन्छ।

# बिजुलीबजार पुलमा अन्तिम चरणमा

नेपालमा पहिलो पटक 'नेटवर्क आर्क ब्रिज' प्रविधिबाट निर्माण भएको बिजुलीबजार पुलमा अन्तिम तयारीको काम अघि चलिरहेको छ। पुल निर्माण सकिएसँगै त्यससँग जोडिएका थप काम सडक कालोपत्र गर्ने, पुलमा रङ्गरोगन र बत्ती जडानको काम गरिनेछ। निर्माण व्यवसायीले केही समयमै रङ्गरोगन र सडक कालोपत्र गर्ने काठमाडौं उपत्यका सडक विस्तार आयोजनाका इन्जिनीयर विश्वविजयलाल श्रेष्ठले बताउनुभयो। सडकमा राखिने बत्ती डिजाइनमा उल्लेख भएभन्दा फरक राख्नका लागि छलफल भइरहेको छ। उहाँले भन्नुभयो, "अन्तिम काम सकिएपछि अबको केही समयमै पुल सञ्चालनमा आउनेछ।"

एउटै ठेक्का मार्फत मुख्य लेनको दायाँबायाँ पुल निर्माण भइरहेकामा अघिल्लो वर्ष नै सम्पन्न भएर एउटा सञ्चालनमा आएको छ। एउटै समयमा र उस्तै डिजाइनमा निर्माण गर्ने भनिएको तीनकुनेस्थित वाग्मती पुलको काम भने अघि बढेको छैन।

बिजुलीबजार पुल निर्माणका लागि विसं २०७१ पुसमा जेई कन्स्ट्रक्सन प्रालिले पुल निर्माणको जिम्मेवारी लिएको थियो। तीन वर्षमा सक्ने गरी पहिलोपटक ठेक्का सम्झौता भएको थियो। तोकिएको अवधिमा सम्पन्न नभए पनि पुल निर्माणमा सोही ठेकेदारलाई म्याद थप गर्दा काम सम्पन्न हुने भन्दै आयोजनाको सिफारिसमा सरकारले पुसम्मका लागि एक वर्ष अवधि थपेको हो। सो पुलको चौडाइ १२ मिटर र लम्बाइ ५१ दशमलव ४५ मिटर छ।

# पुर्व सचिव कार्की पत्नीको रहस्यमय मृत्यु

ललितपुर। पुर्व सचिव अर्जुन कार्कीको श्रीमति मुना कार्कीको रहस्यमय मृत्यु भएको छ। आफ्नै निजी निवासमा मुना र कार्की निवासमा काम गर्ने बिशेष चौधरी नामका कामदारको मृत्यु भएको छ। प्रहरीले उक्त घटनाको छानवीन गरिरहेको छ।

घटना हत्या हो कि आत्महत्या हो यसै भन्न सक्ने अवस्था छैन। हिजो सानेपा कार्की निवासमा प्रहरीको बाक्लो प्रहरीको उपस्थिति रहेको थियो। त्यस अनुसन्धानमा खटिएका एक अधिकृत प्रहरीले दिएको जानकारी अनुसार घटनाको बृस्तृत जानकारी नआउनजेल सम्म हत्या हो कि आत्महत्या भन्न नसकिने बताए। बिहानको समयमा भएको घटना पुर्व सचीव कार्की बाहिर गएको बेला उक्त घटना भएको भन्ने भनाई आएको छ। यतिबेला कार्की परिवार शोकमा डुबेको छ भने समाजमा उच्च ओहोदामा पुगेका नेपाल सरकारको व्यक्तित्वको परिवारमा यस्तो घटना हुनु निकै दुःखद् भएको भन्दै ओरिपरिका छिमेकीहरु समेत आश्चर्यमा छन्।

## मेगा बैंकको सिइओलाई 'उत्कृष्ट महिला व्यवस्थापक अवार्ड'

काठमाडौँ । मेगा बैंक नेपाल लिमिटेडको प्रमुख कार्यकारी अधिकृत अनुपमा खुञ्जेली 'उत्कृष्ट महिला व्यवस्थापक अवार्ड'बाट सम्मानित हुनु भएको छ ।

नेपाल व्यवस्थापन संघ (म्यान)ले साधारण सभाको अवसर पारेर सिइओ खुञ्जेलीलाई यो सम्मान प्रदान गरेको हो । शुक्रबार विशेष समारोहका बीच उपराष्ट्रपति नन्दकिशोर पुनले सिइओ खुञ्जेलीलाई अवार्ड प्रदान गर्नुभयो । 'क' वर्गको वाणिज्य बैंकको सिइओ बन्ने खुञ्जेली नेपालको प्रथम महिला बैंकर हुनुहुन्छ ।



उत्कृष्ट महिला व्यवस्थापक अवार्डबाट सम्मानित भएपछि खुसी व्यक्त गर्दै सिइओ खुञ्जेलीले सम्पूर्ण सरोकारवालाहरुलाई धन्यवाद एवं आभार व्यक्त गर्नुभएको छ । यो अवार्डलाई आफूले मेगा बैंक सञ्चालक समिति, संस्थापक, सर्वसाधारण शेयरधनी, ग्राहकवर्गहरु, कर्मचारी एवं समस्त सरोकारवालाहरुको विश्वासको रुपमा लिएको उहाँले बताउनुभयो ।

खुञ्जेली स्थापनाकालदेखि नै मेगा बैंकमा कार्यरत हुनुहुन्छ । ९ वर्षअघि मेगा बैंकमा नायब महाप्रबन्धकबाट सेवा प्रवेश गर्नुभएकी खुञ्जेलीले २०७५ वैशाखबाट प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी सम्हाल्नुभएको थियो । उहाँको नेतृत्वमा यो अवधिमा बैंकले उल्लेख्य प्रगति गर्न सफल भएको छ भने यो बर्ष बैंक अफ दि एयर जस्तो प्रतिष्ठित सम्मान समेत प्राप्त गरेको छ ।

सन् १९९१ मा तत्कालिन ग्रिनलेज बैंक अर्थात अहिलेको स्ट्यान्डर्ड चार्टड बैंकबाट करिअर सुरु गर्नुभएकी खुञ्जेलीसँग २८ वर्षको बैंकिङ करिअरको अनुभव छ । यो भन्दा अगाडी पनि प्रमुख कार्यकारी खुञ्जेलीले थुप्रै अवार्डहरुबाट प्रप्त गरि सक्नु भएको छ ।

## कामना सेवाको सामजिक सहयोग

पोखरा । कामना सेवाविकास बैंकले पोखरा महानगरपालिका वडा नं. १९ पुरन्चौर स्थित शाखा कार्यालय मार्फत आफ्नो सामजिक उत्तरदायित्व अन्तर्गत लामाचौर बगैंचा स्थित श्री अकलादेवी तथा लक्ष्मीनारायण मन्दिरलाई आल्मुनियमका भ्याल ढोका राख्ने प्रयोजनको लागि आर्थिक सहयोग स्वरुप रु १ लाखको चेक हस्तान्तरण गरेको छ । सहयोग रकम हस्तान्तरण कार्यक्रममा प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं. १९ का वडा अध्यक्ष शोभामोहन पौडेल तथा कामना सेवा विकास बैंकका सञ्चालक चतुराखर अधिकारीले संयुक्त रुपमा चेक हस्तान्तरण गर्नभएको थियो भने उक्तकार्यक्रमको सहजीकरण बैंकका गण्डकी प्रदेश प्रमुख टुबराज वास्तोलाले गर्नभएको थियो ।

बैंकका सञ्चालक देवकृष्ण काफ्लेको अध्यक्षतामा सम्पन्न कार्यक्रमा अकलादेवी तथा लक्ष्मीनारायण मन्दिरका अध्यक्ष भरतराज आचार्यले स्वागत मन्तव्य राख्नु भएको थियो वडा अध्यक्ष शोभामोहन पौडेल तथा जनहित बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष मन्दिर व्यवस्थापन समितिका सदस्य काशीराज आचार्यले मन्तव्य राख्दै बैंकले समाजिक क्षेत्रमा समेत सराहनिय कार्य गरेकोले धन्यवाद ज्ञापन गर्नु हुदै बैंकलाई सबै क्षेत्रले सहयोग गर्नु पर्ने कुरामा जोड दिनुभएको थियो ।

उक्त कार्यक्रममा पोखरा महानगरपालिका वडा नं. १९ का सदस्य कृष्ण प्रसाद गौतम, अकला आधारभुत विद्यालय र अकला आमा समुहका अध्यक्ष पार्वती काफ्ले, अकला आधारभुत विद्यालयका प्रध्यानध्यापक सिता काफ्ले, अकलादेवी लक्ष्मीनारायण मन्दिर पुजारी ज्योतिस लक्ष्मण पौडेल लगायतको उपस्थिति रहेको थियो ।

## लक्ष्मी बैंकको अध्यक्षमा घिमिर नियुक्त

काठमाडौं । बैंक लिमिटेडका नवनियुक्त अध्यक्ष सुशिल घिमिरेले नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जीवी नेपालसमक्ष पद तथा गोपनियताको सपथ लिनुभएको छ ।



बैंकको सञ्चालक समितिमा संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्नुहुने घिमिरेलाई बैंकको सञ्चालक समितिले अध्यक्ष पदमा नियुक्त गरेको थियो । सपथ कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटि गभर्नरहरु तथा अन्य पदाधिकारीका साथै लक्ष्मी बैंकका सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत तथा पदाधिकारीहरुको समेत उपस्थिति थियो ।

नवनियुक्त अध्यक्ष घिमिरे नेपाल सरकारको पूर्व सचिव हुनुहुन्छ । उहासँग नेपाल सरकारको तर्फबाट विभिन्न सार्वजनिक संस्थाको सञ्चालक समितिमा रही अध्यक्षको पद सम्हालेको अनुभव छ ।

## एन आई सीको ग्राहकमैत्री नयाँ वेबसाइट सञ्चालनमा

काठमाडौं । एन आई सी एशिया बैंकले आफ्ना ग्राहकवर्गको सुविधालाई थप परिष्कृत गर्ने उद्देश्यको साथ डिजिटल बैंकिङलाई उच्च प्राथमिकतामा राख्दै विविध सुविधायुक्त विशेषताहरुका साथ बैंकको नयाँ वेबसाइट सार्वजनिक गरेको छ । आकर्षक शैलीको आवरण भएको नयाँ वेबसाइटमा बैंकको सेवा सुविधाको विवरण हेर्न चाहनेहरुको लागि अन्तरक्रियात्मक शैलीमा जानकारी प्रस्तुत गर्नुको साथै उक्त वेबसाइट नेपाली भाषामा समेत उपलब्ध गराइएको छ ।

ग्राहक महानुभावहरुले नेपाली भाषामा बैंकका सूचनाहरु उक्त वेबसाइटबाट प्राप्त गर्न सक्नुहुनेछ । गुगल म्याप लाई समेत संलग्न गरिएकोले उक्त वेबसाईटबाट सजिलै बैंकको शाखा, एक्स्टेन्सन काउण्टर, एटिएम रहेको स्थान सजिलै पत्ता लगाउन सकिनेछ ।

साथै बैंकको कार्ड तथा मोबाईल बैंकिङ प्रयोग गरी भुक्तानी गर्दा छुट प्राप्त गर्न सकिने पसल तथा व्यवसायीको स्थानको पहिचान समेत गर्न सकिनेछ । वेबसाईटलाई मोबाइलबाट पनि चलाउन मिल्ने गरी डिजाइन गरिएकोले ग्राहक महानुभावहरुले जुनसुकै स्थानबाट पनि आफ्नो स्मार्टफोन मार्फत वेबसाइट चलाउन सक्ने सुविधा प्रदान गरिएको छ साथै वेबसाईट बाटै खाता खोल्न मिल्ने सुविधाका साथ बैंक सम्बन्धी विविध जानकारी सहयोगका लागि चौबीसै घण्टा साथी च्याटबट वेबसाईटमै उपलब्ध रहेको छ । वेबसाईटमा प्रयोगकर्ताको रुची अनुसार बैंकले उपलब्ध गराउने विभिन्न सुविधा तथा जानकारी प्रयोगकर्ताको वेब–ब्राउजरमा स्वचालित सुचना (alert) मार्फत पठाउन सकिने प्रविधिको समेत प्रयोग गरिएको तथा आफूलाई मनपरेका जानकारी र सुचना सामाजिक सञ्जालमा सेयर गर्न सकिने गरी व्यवस्था मिलाईएको छ । प्रयोगकर्ताको डाटा सुरक्षाको लागी विशेष सुरक्षा संयन्त्रको प्रयोग गरिएको बैकले उल्ले गरेको छ ।






## पुर्वअञ्चल यातायातको कार्यलयमा प्रभुको काउन्टर

काठमाडौं । प्रभु बैंकले मोरङ जिल्लाको बिराटनगर महानगरपालिकास्थित वडा नं ०४ यातायात व्यवस्था कार्यालयमा एक्स्टेन्सन काउण्टर सञ्चालनमा ल्याएको छ । बिराटनगर स्थित यातायात व्यवस्था कार्यालयमा स्थापित एक्स्टेन्सन काउण्टरको यहि माघ २२ गते बिराटनगरका यातायात व्यवस्था कार्यालयका प्रमुख यातायात अधिकृत रबिन कार्कीले कार्यक्रममा उदघाटन गर्नुभएको हो । यो शाखा संचालनमा आए सँगै प्रभु बैंकको २०८ औ शाखा पुगेको छ ।



## माछापुछ्रे क्यापिटल लिमिटेडको औपचारिक उद्घाटन सम्पन्न

काठमाडौं माछापुछ्रे बैंक लिमिटेडको पूर्ण स्वामित्वमा रहेको माछापुछ्रे क्यापिटल लिमिटेडको आज एक औपचारिक कार्यक्रम बीच नेपाल धितोपत्र बोर्डका अध्यक्ष भिष्मराज ढुङ्गाना र माछापुछ्रे बैंकका अध्यक्ष डा. बिरेन्द्र प्रसाद महतोद्वारा संयुक्त रुपमा उदघाटन सम्पन्न भयो ।

उक्त समारोहमा नेपाल धितोपत्र बोर्डका अध्यक्ष भिष्मराज ढुङ्गानाले माछापुछ्रे क्यापिटल लिमिटेडले देशको खुम्चिएको पुँजी बजार क्षेत्रको विकास गर्न तथा नयाँ क्षेत्रहरुको पहिचान गरी नयाँ कार्यक्रमहरु बजारमा ल्याउन सफल होस भन्ने शुभकामना व्यक्त गर्नुभएको थियो । साथै, पुँजी बजार क्षेत्रमा नविनता ल्याउन जरुरी भएको परिप्रेक्ष्यमा यस क्यापिटलले थप व्यवसायिकता र थप नयाँ कार्यशैली सहित मर्चेन्ट बैंकिंग क्षेत्रमा प्रवेश गर्नेछ भन्ने बिश्वास लिएको जानकारी गराउनु भयो ।



त्यस्तै,माछापुछ्रे बैंक लिमिटेडका अध्यक्ष डा. बिरेन्द्र प्रसाद महतोले माछापुछ्रे क्यापिटललाई व्यवसायिक शुभारम्भको अवसरमा बधाई दिनु भएको थियो । क्यापिटलले आफ्नो व्यवसाय बिस्तारको क्रममा राजधानी भित्र मात्र नभै देशैभरी रहेका लगानीकर्ताहरुलाई सेवा पुऱ्याउनु पर्नेमा जोड दिँदै अन्य सेवाको रुपमा क्यापिटललाई बिस्तार गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । कार्यक्रममा माछापुछ्रे क्यापिटलका अध्यक्ष सन्तोष कोइरालाको सभापतित्वमा सम्पन्न भएको थियो ।

# बैकिङ्ग संसार

## प्राइमलाइफ इन्स्योरेन्सको घुम्ति सेवा सुचारु

प्राइम लाइफ इन्स्योरेन्स क.लि. र एभरेष्ट इन्स्योरेन्स क.लि.ले संयुक्त रुपमा घुम्ति बीमा सेवा संचालन गरेका छन् । बीमा समितिद्वारा जारी शाखा रहित घुम्ति बीमा सेवा सम्वन्धि मार्गदर्शन–२०७६ मा व्यवस्था भएबमोजिम ग्राहकहरुलाई घरदैलोमा नै बीमा सेवा प्रदान गर्ने उदेश्यले उक्त घुम्ति बीमा सेवा आरम्भ गरेको कम्पनीले जनाएको छ । बीमा समितिका अध्यक्ष चिरञ्जी चापागाँइले ठाकुरद्धारा, वर्दियामा आयोजित एक कार्यक्रका बिच सो घुम्ति बीमा सेवाको शुभारम्भ गर्नुभएको थियो । सो अवसरमा अध्यक्ष चापागाँइले बीमालाइ आमजनतामाफ सरल रुपमा जानकारी गराई बीमा सेवा उपलब्ध गराउन यस प्रकारका कार्यक्रमले सहयोग पुग्नेविश्वास व्यक्त गर्दै जीवन तथा निर्जिवन बीमा व्यवसायका विभिन्न आयमका सम्बन्धमा आफ्नो धारण व्यक्त भएको थियो । उक्तकार्य क्रममा एभरेष्ट इन्स्योरेन्सका कार्यकारी अधिकृत कमल गौतमले स्वगत मन्तव्य तथा प्राइम लाइफ इन्स्योरेन्सका कार्यकारी अधिकृत मनोजकुमार भट्टराईले जीवन बीमाको महत्व बारे आफ्नो धारण व्यक्त गर्नुभएको थियो ।

## बैंक अफ काठमाण्डका अफरै अफर

बैंक अफ काठमाण्डु र नेपाल क्लियरिङ्ग हाउस बिच बैंक अफ काठमाण्डुका ग्राहक महानुभावहरुले आफ्नो खातालाई ConnectIPS मा पहिलो पटक रजिष्ट्रेशन गर्दा रु १०० (अक्षरुपी रुपैया एक सय मात्र) ग्राहक महानुभावको खातामा उपलब्ध गराउने सहमती भएको छ । बैंकका ग्राहक महानुभावहरुले ConnectIPS मा आफ्ना खातालाई पहिलो पटक Link गरी बैंकबाट Verify पश्चात् ग्राहक महानुभावहरुको आफ्नै खातामा रु १०० जम्मा हुनेछ । ग्राहक महानुभावले ञयललभअतक्एक मा रजिस्ट्रेशन पश्चात् घरमा बसी बसी आफ्नो आवश्यकता बमोजिमको रकमान्तर तथा अन्य सुविधाहरुको सजिलै उपयोग गर्न सक्नुहुने जानकारी बैंकले गराएको छ ।

हालसम्म बैंक अफ काठमाण्डु लिमिटेडले ८७ शाखा कार्यालयहरु, ७८ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहक महानुभावहरुलाई उत्कृष्ट बैंकिङ्ग सुविधा प्रदान गर्दै आईरहेको छ ।




## एन आई सी एशिया र सूर्या लाइफ बीच सम्झौता

एन आई सी एशिया बैंकको विभिन्न डिजिटल भुक्तानी सेवाहरुको प्रयोग गरि सूर्या लाइफ इन्स्योरेन्सको बीमा शूल्क, पोलिसी लोनको ब्याज, किस्ता लगायत विभिन्न शुल्क बुझाउन सकिने गरि दुई कम्पनीबीच समझदारी भएको छ । उक्त समझदारीपत्रमा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत रोशन कुमार न्यौपाने र सूर्या लाइफ इन्स्योरेन्स कम्पनीका तर्फबाट प्रमुख कार्यकारी अधिकृत शिवनाथ पाण्डेले हस्ताक्षर गर्नुभयो । बैंकले डिजिटल भुक्तानीलाई व्यापकता दिदै आइरहेकामा पछिल्लो पटक सूर्या लाइफ इन्स्योरेन्ससँगको समझदारीले ग्राहकहरु थप लाभान्वित हुने भएका छन् । उक्त समझदारी अनुसार सूर्या लाइफका ग्राहक महानुभावहरुले बैंकका त्तच ऋयमभ, ऋबचम एइब, इन्टरनेट बैंकिङ, मोबाइल बैंकिङ लगायत विभिन्न डिजिटल भुक्तानी माध्यमहरुको प्रयोग गरि रकम भुक्तानी गर्न सक्ने भएका छन् । समझदारी पश्चात सेवाग्राहीले ठूलो नगद रकम बोक्ने झन्झटबाट मुक्ति पाउनुहुनेछ भने भीड रहित र सरल सेवा पनि प्राप्त गर्न सक्नुहुनेछ । साथै, आगामी दिनहरुमा बैंकले संचालनमा ल्याउने इन्टरनेट भुक्तानी गेटवे लगायत अन्य डिजिटल सेवा समेत सूर्या लाइफ इन्स्योरेन्सका ग्राहकहरुलाई उपलब्ध गराइनेछ । विश्वमा बैंकहरुले डिजिटल सेवालाई जोड दिइरहेकोमा एन आइ सी एशियाले पनि यसै गरि डिजिटल भुक्तानीलाई बढाउदै लगेको देखिन्छ ।

# भ्रष्टको हातमा कानुन



**कृष्ण बहादुर बोगटी 'काका'**
चक्रबहिल १२, बालकुमारी
ललितपुर

नेपालमा अब प्रधानमन्त्रि प्रत्यक्ष चुनाव गर्नुपर्छ अनी कुनै पनि ठुला पार्टी भनौदाहरुले जित्नै छैन प्रचण्ड केपी माधव झलनाथ कसैले पनी जिते म आत्मदाहा गरी मर्नेछु अब नेपाली जनताले रवीलाई प्रधानमन्त्रि र राष्ट्रूपतिमा ज्ञानेन्द्र शाहीलाई ल्यायो भने मात्र दुखी गरिबले दुईछाक खान लाउन र निर्धक्क हिड्न पाउनछन न्याय निसाब पनी हुन्छ कुनै पनी पार्टीले जिते गरिबले भ्रष्टाचारी झोलेहरुको विरोध गरे जसरी पनि झुटो मुद्धा लगाई फसाई दिन्छ मलाई पनी नेकपाको झोलेले भ्रष्टाचार गऱ्यो मैले विरोध गरे अनी मलाई आफैले पालेर राखेको बच्चीलाई ललाई फकाई मेरो विरोधमा बोल्न लगाई अफीसको कर्मचारी मास्टर्नी लाई प्रलोभनमा पारी मलाई फसाई दियो । मैले नेपाल मानब अधिकार आयोगमा धेरै पत्र लेखे धेरै जसो संघ संस्थामा अनुरोध गरे न्यायाधिस सरकारी वकिल प्रलोभन मा पऱ्यो भनी न्यायाधिस विरुद्ध पनी छानविन गर्नु पर्ने भएकोले न्यायपरिषदमा पनी उजुरी गरे मलाई फसाउनेको नाम सबै पत्र पत्रीकामा प्रकासित गरे तर पनी कुनै छानविन भएन किनकी मलाई फसाउने नेकपाको झोले थियो मलाई फसाउनेले कसरी भ्रष्टाचार गर्छ सबै प्रमाण सहित प्रकाशित गरे तर पनि कसैले पनी झोलेको विरोध गर्न सकेन्न किनकी उ थियो भ्रष्टाचारी डलर खेती गर्ने म परे घरबार विहिन इमान्दार गरिब नेपालमा जो संग पैसा पाहुर छ नियम कानुन सबै उसैको खल्तीमा मात्र छ। नियम कानुन सबै उसैको खल्तीमात्र मात्र हुन्छ धेरै ठूलाठूला भ्रष्टाचारी भुमाफिया मेडिकल माफिया तस्कर सबै नेता मन्त्री र झोलेहरुको साथ दिएको देखिन्छ कुनैपनी गरिब दुखीलाई कुनैपनि नेता मन्त्रीहरुले गरिबलाई साथ दिएको देखिदैन सबै नेतामन्त्री पार्टीको झोले सबै भ्रष्टकै साथ देखिन्छ गरिब कर्मचारी कसैले पनी भ्रष्टको विरोध गरे कुनैपनि जाल बुनी झुटो आरोप लगाई फसाइन्छ जसरी भ्रष्टको विरोध गर्दा मलाई सबै पैसा पाहुर लगाई झुटो रिपोर्ट तयार गरी फसाई दियो । समाज सेवा गर्छु भन्ने नेकपाका झोले हरुको अकुत सम्पत्ति कहाँबाट आयो छानविन हुनुपर्छ गरिब सडक बच्चा फसाई डलर खानेको मैले धेरै विरोध गरे अनी मलाई बच्ची किनी प्रहरी किनी सरकारी वकिल न्यायाधिस किनी मलाईफसाई दियो ।

सबै प्रमाण म संग छ प्रकासित पनी गरी सके तर नेकपाको झोले भएकोले कार्वाही हुन सकेन मलाई मात्र कार्वाही भयो अब कुने पनी निदोर्ष नफसोस भ्रष्ट कुनै पार्टीको भए पनी अख्तियारले नछोडोस मैले अख्तियार सम्पत्ती शुद्धिकरण राष्ट्रपति कार्यालय प्रम कार्यालय राष्ट्र बैंक मानव अधिकार आयोग सबैतिर पत्र द्धारा अनुरोध गरे तर भ्रष्टलाई कसैले पनी कार्वाही गरेन बरु निर्दोष फस्यो जय नेपाल आमा ।

## खेलकुद

# मेस्सीको कमाइ रोनाल्डोको भन्दा झण्डै दोब्बर

काठमाडौं । बार्सिलोना तथा अर्जेन्टिनाका स्टार खेलाडी लियोनल मेस्सीको कमाइ युभेन्टसका स्टार क्रिस्टियानो रोनाल्डोको भन्दा झण्डै दोब्बर बढी रहेको एक अध्ययनले देखाएको छ ।

मेस्सीले फुटबलबाट मासिक ८ दशमलव ३ मिलियन युरो कमाइ गर्छन् भने रोनाल्डोको मासिक कमाइ ४ दशमलव ५ युरो छ ।

त्यस्तै धेरै कमाउने खेलाडीको तेस्रो नम्बरमा पीएसजीका खेलाडी नेयमार रहेका छन् । उनको मासिक कमाइ ३ मिलियन युरो रहेको छ भने बार्सिलोनाका फरवार्ड स्वारेज र ग्रिजम्यानको कमाइ झण्डै ३ मिलियन युरो रहेको छ ।

सुचिको छैटौं स्थानमा रियल मड्रिडका गेरेथ बेल र इडेन हाजार्ड रहेका छन् । जसको मासिक कमाई २.५ मिलियन युरो रहेको बताइएको छ ।

त्यस्तै सवाधिक कमाइ गर्ने प्रशिक्षकमा एट्लेटिको मड्रिडका डिएगो सिमोनले रियल मड्रिडका जिनेदिन जिदानलाई पछि पारेका छन् ।

सिमोनको कमाइ मासिक ३ दशमलव ६ मिलियन युरो रहेको बताइएको छ । रियल मड्रिडका जिनेदिन जिदानले मासिक १ दशमलव ४ मिलियन युरो कमाउने अध्यनले देखाएको छ ।

त्यस्तै म्यानचेस्टर सिटीका प्रशिक्षक पेप ग्वार्डिओलाको कमाइ १ दशमलव ९ मिलियन युरो तथा टोटनह्यामका जोसे मोरिन्हो र लिभरपुलका क्लोप दुवैले मासिक १ दशमलव ४६ मिलियन कमाइ गर्दै आइरहेका छन् ।



# पेटको अल्सर, किन र कसरी हुन्छ ?

## स्वास्थ्य

पेटको अल्सर भएमा पेटमा प्वाल पर्ने वा घाउ हुने गर्छ । यस्तो अल्सर विशेषगरी गलत खानपानका कारण हुने हो । सामान्यतया, खाना पचाउने एसिडले आमाशयको पर्खाललाई असर गरेमा अल्सर हुने गर्छ । यस्तो अल्सर पेटको भित्री भागमा, भोजन नली तथा सानो आन्द्रामा विकास हुन्छ । पेटमा अल्सर भएमा पिडा नाइटोबाट सुरु भई छातीसम्म दुख्छ । समयमै उपचार नगरे यसले भयानक समस्या निम्त्याउन सक्छ । र, पेट सम्बन्धि अन्य समस्याहरु पनि उब्जिन्छन् ।

किन हुन्छ ?

पेटको अल्सरलाई पेप्टिक वा ग्यास्ट्रिक अल्सरसमेत भनिन्छ । अम्लीयपना, धुमपान वा लागूऔषधको सेवन, अत्यधिक स्टेराइडको प्रयोग, आणुवंशिक कारण, तनाव तथा खानपानको गडबडीका कारण पनि पेटमा अल्सर हुने गर्छ । त्यस्तै, हेलिकोव्याक्टर पाइलोरी नामक जीवाणुको संक्रमणका कारण पनि पेटमा अल्सर हुने गर्छ ।

कसरी थाहा पाउने ?

सुरुवाती चरणमा अल्सर पत्ता लगाउन केहि कठिन हुन्छ । तथापि, तल उल्लेखित लक्षण देखिएमा सचेत हुन जरुरी छ स

-बारम्बार डकार आउने
-पेटमा जलन पैदा हुने
-पेटमा घाउ भएको महसुस हुने
-पेट फुल्ने, सुन्निने
-छाती पोल्ने, ग्याष्ट्रिकको समस्या
-शरीरको माथिल्लो भाग दुख्ने वा पोल्ने
-तातो खानेकुरा खाएपछि असहज महसुस हुने
-दिशामा रगत देखिने वा दिशाको रङ्ग गाढा हुने
-रगत बान्ता हुने, खोकीमा रगत देखिने
-वजन कम हुने
-खान मन नलाग्ने

कति प्रकारका हुन्छन् ?

अल्सर तीन प्रकारका हुन्छन् ।


-पेटमा हुने ग्याष्ट्रिक अल्सर
-भोजन नलीमा हुने एसोफेगस अल्सर
-सानो आन्द्रामा हुने ड्रआडनल अल्सर

ख्याल गर्नुपर्ने कुरा

अल्सरका विरामीले मसलादार खाना, सुर्तिजन्य पदार्थ, तारेको, भुटेको खानेकुरा तथा माछामासुबाट बच्नुपर्छ । अत्याधिक मात्रामा फलफूल तथा सागसब्जीको सेवन गर्नुपर्छ । यसले अल्सर चाडै निको पार्न सहयोग गर्छ ।

त्यसबाहेक, फोहोर तथा दुषित खानेकुराबाट बच्नुका साथै साबुन( पानीले राम्ररी हात धोएर मात्र खाना खानुपर्छ ।









# रामेछाप डायरी

## रामेछाप दोस्रो महोत्सव फागुन ६ गतेवाट

'नेपाल भ्रमण वर्ष २०२०'को अवसरमा रामेछाप जिल्ला सदरमुकाम मन्थलीमा आयोजना हुने 'दोस्रो रामेछाप महोत्सव'को तयारी अन्तिम चरणमा पुगेको छ । आन्तरिक पर्यटन प्रवर्द्धन गर्दै जिल्लामा उत्पादित कृषि उपजको बजारीकरण गर्ने मुख्य उदेश्यका साथ फागुन ६ गते देखि १५ गतेसम्म चल्ने 'रामेछाप कृषि, पर्यटन, सांस्कृतिक तथा औद्योगिक व्यापार महोत्सव'को अन्तिम चरणमा पुगेको कार्यक्रम संयोजक सोनु कुमार रोकाले बताएका छन् ।

बाह्य तथा आन्तरिक पर्यटक भित्र्याउने र उत्पादित कृषि उपजहरुको बजार विस्तार गर्ने मुख्य लक्ष्यका साथ तयारीलाई अगाडी बढाइएको रोकाको भनाई छ । 'जिल्लाका सबै ठाँउका सबै उत्पादनलाई महोत्सवमा स्थान दिने र सबै खाले उद्योगी व्यवसायीलाई समेटेर यो महोत्सवलाई भव्य र सभ्य बनाउने योजना साथ काम भइरहेको जानकारी रोकाले दिएका हुन् ।

## जेष्ठ नागरीकहरुलाई सम्मान

रामेछाप जिल्लाको रामेछाप नगरपालिका वडा नम्बर ६ आखेनी वडा कार्यालयले जेष्ठ नागरीकहरुलाई सम्मान गरेको छ । आज वडा कार्यालयमा एक कार्यक्रमको आयोजना गरि जेष्ठताको आधारमा १० जना जेष्ठ नागरीकहरुलाई सम्मान गरिएको रामेछाप नगरपालिका वडा नम्बर ६ का वडा अध्यक्ष धन बहादुर खड्काले बताउनुभयो । वडामा रहेका ५ जना महिला र ५ जना पुरुष वृद्धवृद्धाहरुलाई रेडियो , थर्मस , ओढ्ने कमल , ढाका टोपी र हर्लिक्स सहित दौसल्ला ओढ्याएर सम्मान गर्दै उहाँहरुको लामो आयुको कामना गरिएको उहाँले बताउनुभयो । वडा कार्यलयले हरेक वर्ष वडामा रहेका जेष्ठ नागरीकहरुलाई सम्मान गर्दै आएको उहाँले जानकारी दिनुभयो । रामेछाप नगरपालिकाका प्रमुख नर बहादुर थापा मगरको प्र्रमुख आतिथ्यता र वडा अध्यक्ष खड्काको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा नेकपा रामेछापका अध्यक्ष मोतिलाल तामाङ , नेपाली कांग्रेस रामेछाप नगरका नेता लाल बहादुर तामाङ , जिल्ला अस्पताल विकास समितीका अध्यक्ष रोशन पाखिन लगायत स्थानियहरुको उपस्थिती रहेको थियो ।

## शवबहान सहित पाँच वटा एम्बुलेन्स वितरण

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टी उपसभापति बिजय कुमार गच्छदारमाथि पुर्वग्राही ढंगले भ्रष्टचारको मुद्दा लगाइएको आरोप लगाउनुभएको छ । उहाँले पार्टीनेता गच्छदार माथि सड्यन्त्रपुर्ण र अन्यान्यपुर्ण तरवले चलाइएको मुद्दा तत्काल फिर्ता लिन माग समेत गर्नुभएको छ । शेर बहादुर तामाङ स्मृति प्रतिष्ठानले शनिबार रामेछाप सदरमुकाम मन्थलीमा आयोजना गरेको शववहान तथा एम्बुलेन्स हस्तान्तरण कार्यक्रममा बोल्दै देउवाले अरु सबै उम्कने तर एकजना माथि मात्रै भ्रष्टचारको मुद्दा चलाउँनु गलत नियत भएको बताउनुभएको छ ।उहाँले जनताले तिरेको करबाट तलब खाएर कुनै एक पार्टीको मात्रै काम नगर्न अख्तीयारका कर्मचारीहरुलाई चेतावनी समेत दिनुभयो । कार्यक्रममा कांग्रेस प्रवक्ता विश्व प्रकाश शर्माले तत्कालिन प्रधानमन्त्री माधव कुमार नेपाल र लापुर्जा बोक्ने नेकपा महासचिव विष्णु पौडेललाई उन्मुत्ति दिएर कांग्रेस नेता गच्छदारमाथि मात्रै मुद्दा लगाउँनु कांग्रेसका लागि मान्य नहुँने बताउनुभयो । तत्कालिन प्रधानमन्त्री नेपाल नेतृत्वको मन्त्रीमण्डले नितिगत निर्णय गर्ने र नेकपा महासचिव पौडेलको सिरानीमुनी छोराको नाममा सरकारी जग्गाको लापुर्जा भेटीने तर भ्रष्टचार मुद्दाचाहि गच्छदारलाई मात्रै लगाउँनुमा नियतनै गलत भएको उहाँको भनाई छ । उहाँले यदि गल्ती गरेको प्रमाणित भए आफ्ना पार्टीका उपसभापति गच्छदार सहित तत्कालिन प्रधानमन्त्री नेपाल र नेकपा महासचिव पौडेलले पनि उन्मुत्ति नपाउँने बताउनुभयो । नेपाली कांग्रेस रामेछापका नेता एवम समाजसेवी पूर्ण बहादुर तामाङ 'कान्छाराम'ले रामेछाप जिल्लामा शवबहान सहित चार वटा एम्बुलेन्स वितरण गनुभएको भएको छ । उहाँले रामेछाप जिल्लाको मन्थली नगरपालिका, दोरम्बा गाउँपालिका, खाँडादेवी गाउँपालिका र गोकुलगंगा गाउँपालिकामा चार वटा एम्बुलेन्स वितरण गर्नुभएको हो ।

## मन्थलीको देवकोटा चोकमा ट्राफिक प्रहरी

रामेछाप । जिल्ला ट्राफिक प्रहरी कार्यालय रामेछापले नियम उलङघन गर्नेलाई कडा कारवाहीसंगै ट्राफिक सचेतना अभिवृद्धिको लागि विभिन्न जनचेतनामूलक कार्यक्रमहरु पनि संचालन गरिरहेको छ । सडक शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा लागू गर्न सकेमा दुर्घटना न्यूनिकरण हुने भन्दै ट्राफिक प्रहरीले सदरमुकाम मन्थलीको देवकोटा चोकमा डमी ट्राफिक प्रहरी बनाएर राखेको छ । देवकोटाचोकमा दुइवटा ट्राफिक प्रहरीको डमी निर्माण गरेर राखिएको छ । सडक शिक्षा दिनको लागि विभिन्न उपायहरु अबलम्बन गर्ने उद्देश्यले डमी ट्राफिक प्रहरी राखिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रामेछापले जनाएको छ । टाढाबाट हेर्दा ट्राफिक प्रहरी जस्तै देखिने भएकाले सवारी चालकले आफ्नो सवारी साधनको गति नियन्त्रण गर्ने भएकाले दुर्घटना हुने सम्भावना कम हुने जिल्ला ट्राफिक प्रहरी कार्यालय रामेछापका प्रमुख प्रहरी सहायक निरीक्षक रामेश्वर पाण्डेले बताए । यो डमीबाट ट्राफिक प्रहरीले कारवाही जरीवानामात्रै नगरी सवैलाई सम्मान पनि गरिरहेको सन्देश पनि दिने उनको भनाई छ । देवकोटा चोकमा राखिएको डमी विस्तारै अन्य ठाउँमा समेत राख्ने ट्राफिक प्रहरीको तयारी छ ।

## गेलुमा गायन तथा कबिता वाचन प्रतियोगिता

रामेछाप । रामेछाप जिल्लाको मन्थली नगरपालिका वडा नं ११ मा रहेको शारदा माध्यामिक विद्यालयमा शुक्रबार लोक गायन प्रतियोगिताको आयोजना गरिएको छ । स्वास्थ्य र सरसफाई सम्बन्धी चेतनामूलक लोक गायन प्रतियोगितामा १४ जना विद्यार्थीहरुले भाग लिएका थिए । जसमा रेजीना खड्का पहिलो ,कुसला नेपाली दोस्रो, सुनिता खड्का तेस्रो र रश्मिता खड्काले चौथो स्थान हासिल गरेका छन् । उनीहरुलाई वडा स्तरीय युवा क्लब चिसापनीका अध्यक्ष वोधप्रसाद दाहाल र विद्यालयका प्रधानाध्यापक अर्जुन कुमार श्रेष्ठले पुरस्कार स्वरुप शैक्षिक सामाग्री प्रदान गरेका थिए । यस्तै मन्थली नगरपालिका वडा नं १२ गेलु स्थित पशुपति आधारभूत विद्यालय भुलभुलेमा शुक्रबारै बालबिबाह न्युनिकरणका बारेमा कबिता वाचन प्रतियोगिता आयोजना गरिएको छ । कार्यक्रम वडा स्तरीय बालक्लब चिसापानीका अध्यक्ष दाहालको अध्यक्षतामा र नेपाल पत्रकार महासंघ रामेछापका उपाध्यक्ष कैलाश खत्रीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

# महायज्ञको आवरणमा कम्युनिष्ट गेरुधारीको रामलिला



मोहन पोखरेल

*कुनै वेला संस्कृति विद्या र ब्राहमणले गर्ने उप्रेती कर्मका विरुद्ध आवाज उठाउदैं आएको तत्कालिन माओवादीका लडाकुहरुले काजक्रियामा वसेका क्रियापुत्रीहरुलाई समेत वाँकी राखेनन् । पाठ, पूजा, धर्मकर्म मान्ने र सो अनुरुपको संस्था चलाउनेहरुका विरुद्ध माओवादीहरु ज्यान छाडेर लागिरहे । आखिर उनिहरुकैं वलमा धर्म निरपेक्षताको जलप लगाएर मुलुकलाई हिन्दुत्वबाट अलग गरियो ।*

*देख्दा र सुन्दा आश्चर्य लाग्छ उनै माओवादीहरुको विशेष तप्का नै यतिखेर धार्मिक आडम्वरमा महायज्ञ चलाइरहे छ । राज्य संचालन र पार्टी संचालन गर्ने उनिहरु नै भएकाले प्रतिपक्ष काँग्रेस तथा भिनामसिना पार्टीका केही हर्ताकर्ता पनि महायज्ञमा हाम फालिरहेका छन् । देश सर्वाङ्गिण विकास गर्नु नै छ भने महायज्ञ मोडेल किन चाहियो ? अरु विकल्प पनि त प्रसस्त छन् नि ।*

जतातत्तै महायज्ञ चलिरहेको छ । कुनै महायज्ञ सामाप्त भइसके । धेरैजसो चलिरहेका छन् । ती पनि केही दिन मै सिद्धिएलान्, यो वेग्लै कुरो भयो । तर धर्मको आवरणमा ठूलै किसिमको विकास गर्ने भयो जुन नौटङ्की देखाइदै छ यसले मुलुकलाई कुन मोडेलतर्फ लैजादैछ ? भन्ने महत्वपुर्ण एउटा पक्ष हो । जब राज्य नै महायज्ञको आवरणमा गेरु वस्त्र धारण गरी पुराण सुनाउन कस्सिन्छ भने उ मातहतका निकायहरु पनि ज्यान छोडेर रुद्राक्ष जप्दै कथा पुराणमा सहभागी हुनुलाई कुनै आश्चर्य मान्नु पर्दैन ।

यहांनेर भन्न खोजेको कुरा के हो भने महायज्ञ आंफैमा नराम्रो पक्ष होइन । सबै हिन्दु धर्मावलम्वीहरुले कुनै न कुनै किसिमको यज्ञ लगाएर भगवानलाई खुसी पार्नु पर्ने र आफ्नो मनोकामना सिद्ध गर्ने लक्ष वोकेका हुन्छन् । मठ मन्दिर चाहार्छन्, मनले चिताएको कुरा भगवानसंग माग्दछन् । फाप फलिफाप सवैले भोग्दछन् । हाम्रो देशमा यतिखेर कम्युनिष्टहरुको सत्ता छ । संविधानमा धर्म निरपेक्षतालाई प्रमुख स्थान दिइएको छ । यसलाई प्राथमिकतामा राख्दा कुनै वेला हिन्दु राष्ट्र भनि विश्वमा चिनिएको नेपालको पहिचान गुमेको वेला छ । जसका कारण क्रिश्चियनहरु मौलाएका छन् । ठाउठांउमा चर्च खोलिदा असंख्य हिन्दु धर्मावलम्वीहरुले आफ्नो धर्म छोडेर त्यतातिर वहकिएको यथार्थता हाम्रो सामु छर्लङ्ग छ । हिन्दुत्व नष्ट हुदै गएको अहिलेको परिप्रेक्षमा गेरु वस्त्रधारी कम्युनिष्टहरुले महायज्ञको आवरणमा चौतर्फि किसिमले रामलिला देखाउदा आश्चर्य चकित हुनु परेको छ ।

गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशालाको नाम दिएर चितवनको रामपुरमा घनघोर किमिसले महायज्ञ चलाउन विशेष गरी कम्युनिष्ट राज्य शक्ति लागि परेको छ । ५० करोड उठाउने लक्ष लिएको यसका आयोजकले वताउदै आए पनि लक्षित रकम पुग्न नसक्ने अनुमान गरिएको छ । ठूला व्यापारी, जग्गा दलाल, भु-माफिया, संघ संस्था, महानगरपालिका, नगरपालिका, जिल्ला समन्वय समिति लगायतका धेरै सरकारी संघ संस्थाहरु ले रकम दान दिन तछाड मछाड गर्दैछन् । यतिले नपुगेर गाउँ टोल र घर घरमा चन्दा उठाने टोलीको लावा लस्कर लागेको छ । सवैले आफु सक्दो दान दिएका पनि छन् । कसैले करकापमा परीयो भन्दैछन् । यस्तो विचित्रता धर्म निरपेक्ष भएको मुलुक्मा देखिंदै छ । धर्म सपेक्षतालाई वढावा दिने गरी गरिएका यस्ता महायज्ञका परिणाम वाट धर्म निरपेक्षताको आडम्वरमा राज्य हाँक्नेहरुले भविष्यमा कस्तो दुष्परिणाम भोग्लान् ? कौतुहलको विषय बनेको छ ।

कुनै वेला संस्कृति विद्या र ब्राह्मणले गर्ने उप्रेती कर्मका विरुद्ध आवाज उठाउदै आएको तत्कालिन माओवादीका लडाकुहरुले काजक्रियामा वसेका क्रियापुत्रीहरुलाई समेत वाँकी राखेनन् । पाठ, पूजा, धर्मकर्म मान्ने र सो अनुरुपको संस्था चलाउनेहरुका विरुद्ध माओवादीहरु ज्यान छाडेर लागिरहे । आखिर उनिहरुकै वलमा धर्म निरपेक्षताको जलप लगाएर मुलुकलाई हिन्दुत्वबाट अलग गरियो । देख्दा र सुन्दा आश्चर्य लाग्छ उनै माओवादीहरुको विशेष तप्का नै यतिखेर धार्मिक आडम्वरमा महायज्ञ चलाइरहे छ । राज्य संचालन र पार्टी संचालन गर्ने उनिहरु नै भएकाले प्रतिपक्ष काँग्रेस तथा भिनामसिना पार्टीका केही हर्ताकर्ता पनि महायज्ञमा हाम फालिरहेका छन् । देश सर्वाङ्गिण विकास गर्नु नै छ भने महायज्ञ मोडेल किन चाहियो ? अरु विकल्प पनि त प्रसस्त छन् नि ।

लेख कै सन्दर्भमा क्रिकेट रंगशाला मैदान कै कुरा गरौं । राजा महेन्द्रले अष्ट्रेलिया र अष्ट्रियाबाट कृषिमा दखल विदेशी माटो विजहरु भिकाएर रामपुरको जग्गाको परिक्षण गराउदा विउ विजन उत्पादनको लागि रामपुरको माटो नेपालभरमा उत्कृष्ठ ठहरियो । त्यसै वेला देखि रामपुरमा कृषि क्याम्पस खोलियो वालि लगायतका लागि विउ विजन तयार गर्ने जग्गाको छनौट गरियो । यति खेरको क्रिकेट रंगशाला वनाउने भनिएको जग्गा त्यहि नै हो ।

रामपुरमा उत्पादन गरिएका विऊ विजन उत्कृष्ठ भएकाले भारत, पाकिस्तान लगायतका केही दक्षिण एयसियाली मुलुकले नेपाल सरकारसँग किनेर लैजाने गरेको कुरा चितवनवासी पुरना व्यक्तित्वहरुले वताउने गर्दछन् । पंचायतकालमा यसरी विउ विजन निर्यात हुँदा त्यो वेलाको श्री ५ को सरकारले राम्रै आम्दानी गर्दथ्यो । अब रंगशाला निर्माण हुने भएपछि उन्नत विउ विजनका लागि विदेशको मुख ताक्नु वाहेक हामीसंग अर्को विकल्प रहँदैन । किनकी उन्नत विउ विजन उत्पादन हुने जग्गमा क्रिकेट मौदान वन्ने छ । यज्ञपुरीको वागवानी फार्ममा क्यान्सर अस्पतालको स्थापना भएपछि वागवानी रहेन । चिनियाहरुले बनेपामा क्यान्सर अस्पताल राख्नु पर्नेमा जोड दिएता पनि तत्कालिन प्रम गिरिजा प्रसाद कोइरालाले चिन सरकारसँग संम्झौता गरी यज्ञपुरी मै राख्न सफल भएको वताइन्छ । वागवानी अर्न्तगतका त्यो वेलमा आँप र लिचीका वोटलाई चिनियाहरुले सुरक्षित राख्दै क्यान्सर अस्पताल वनाउन सघाउ पुऱ्याएका थिए ।

## आजदेखि प्रेम दिवसमा खाना महोत्सव

चितवन । पर्यटकीय नगरी सौराहामा प्रेम दिवसको अवसर पारेर आज मङ्गलबारदेखि खाना महोत्सव हुने भएको छ । चौधौँ सौराहा खाना महोत्सवको तयारी पूरा भएको छ । रेष्टुराँ एण्ड बार एशोसिएशन (रेवान) सौराहाको आयोजनामा सिसुवार चौरमा महोत्सव हुँदैछ । महोत्सवमा ४० खानाका कक्ष रहने जनाएको छ । महोत्सवमा स्थानीय तथा विदेशी खानाको परिकारसँगै स्थानीय कला, संस्कृति, वेशभूषाको प्रदर्शन गरिनेछ । महोत्सव अन्तर्गत सौराहाको हात्तीचोकदेखि ड्याकसम्म सडकमै खाने र सडकमै रमाउने व्यवस्था मिलाइनेछ । सडक किनारमै खाने र सडकमा नै सांस्कृतिक कार्यक्रम अवलोकन गर्ने व्यवस्था मिलाइएको छ । पर्यटकका लागि होटलमा ३० प्रतिशत र रेष्टुराँमा १५ प्रतिशत छुटको व्यवस्था मिलाइएको महोत्सवका संयोजक ध्रुव गिरीले जानकारी दिनुभयो । महोत्सवअन्तर्गत मेयरकप भलिबल प्रतियोगिता, प्रेमपत्र लेखन प्रतियोगिता, वेटर रेस, महिलाको म्युजिकल चेयर, बालबालिकाको बेलुन फुटाइ, डोरी तान्ने, अन्तरविद्यालय नृत्य प्रतियोगिता तथा सडक नाटकलगायत कार्यक्रम हुनेछन् । प्रेम दिवसको दिन महोत्सव प्रवेशका लागि काटिने टिकटबाट सङ्कलन भएको रकममध्ये ७५ प्रतिशत गौतमबुद्ध क्रिकेट रङ्गशालालाई दिइने आयोजकले जनाएको छ । जिल्लाको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले गरिएको सो महोत्सवको वाग्मती प्रदेशका पर्यटनमन्त्री अरुण नेपालले उद्घाटन गर्ने कार्यक्रम छ ।

हार्दिक शुभकामना

फागुन २०७६ को शुभ अवसरमा प्रजातन्त्र प्रेमी नेपाली दाजुभाई दिदी वहिनीहरुमा प्रजातन्त्रको सच्चा अनुभुती दिलाउन राज्यलाई प्रेरणा मिलोस् । हार्दिक शुभकामना

कृष्णप्रसाद सापकोटा
दमेक ट्रेडर्स
गैंडाकोट-५, नवलपुर

छोरा र छोरीलाई समान व्यवहार गरौं, छोरीलाई पनि स्कूल पठाऔं ।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

आयुर्वेदिक उपचारको पहिलो रोजाइ
विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

*हाम्रा सेवाहरु*

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा भमभमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा, डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाभोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ । गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.
लाइन्स चोक, नारायणगढ, चितवन
सम्पर्क पैशा नलाग्ने टोल फि नं. १६६०५६५८०००
फोन न. ०५६ : ५७०४६८
फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।

## अन्तराष्ट्रिय समाचार

### अन्धाधुन्ध गोली चलाउँदा १२ सर्वसाधारणको मृत्यु

थाइल्याण्डको उत्तरपूर्वी प्रान्त नाखोन रत्चासिमामा एक 'थाई सैनिक'ले अन्धाधुन्ध गोली चलाउँदा कम्तिमा १२ व्यक्तिको मृत्यु भएको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् । आक्रमणकारी एक सिपाहीले सैनिक शिविरबाट एउटा स्वचालित हतियार 'हुम्वी' चोरेर शहर पसेको र अन्धाधुन्ध गोली चलाएको थाई सञ्चारमाध्यमहरूले स्थानीय प्रहरीलाई उद्धृत गरी उल्लेख गरेका छन् । आक्रमणकारी सैनिकले शहरको एउटा व्यापारिक केन्द्रमा पनि प्रवेश गरेको र त्यहाँ रहेका पसलहरूमा जथाभावी गोली चलाएको प्रहरीले जनाएको बताइएको छ ।

आक्रमणकारी भनिएका ती सैनिकले आक्रमणको क्रममा एउटा सेल्फी पनि लिएर सामाजिक सञ्जालमा राखेका प्रहरीले बताएको छ ।

### दिल्ली विधान सभा निर्वाचन सम्पन्न

भारतको राजधानी नयाँ दिल्लीमा विधान सभाका लागि भएको निर्वाचन सम्पन्न भएको छ । निर्वाच्नमा ४४.५२ प्रतिशत मत खसेको छ ।

दिल्लीबाट राष्ट्रपति रामनाथ कोविन्द, पूर्व उपराष्ट्रपति हामिद अन्सारी, पूर्व प्रधानमन्त्री मनमोहन सिंह, दिल्ली उपराज्यपाल अनिल बैजल, मुख्यमन्त्री अरविन्द केजरीवाल, काङ्गेस अध्यक्ष सोनिया गान्धी, भाजपा नेता लालकृष्ण आडवाणी र केन्द्रीय मन्त्री हर्षवर्धन र एस जयशंकरले शनिबार मतदानमा सहभागिता जनाउनुभएको छ । कांग्रेस नेता राहुल गान्धी र प्रियङ्का गान्धी वाड्राले पनि दिल्लीबाट मतदान गनुभएको छ । दिल्ली विधान सभाका लागि हुने शनिबारको मतदानका लागि एक करोड ४० लाख मतदाता रहेका छन् । जसमध्ये ८१ लाख पाँच हजार २३६ पुरूष र ६६ लाख ८० हजार २७७ महिला मतदाता रहेका छन् । दिल्लीमा ८६९ तेस्रो लिङ्गी मतदाता रहेका छन् ।

### यमनमा अल कायदा नेता कसिम अल-रिमीको मृत्यु भएको अमेरिकाद्वारा घोषणा

संयुक्त राज्य अमेरिकाले यमनमा अमेरिकी सेनाले गरेको आतंकवाद विरोधी अभियानमा अल कायदा नेता कसिम अल(रिमी र उनका सहायक अयमान अल जवाहिरीको मृत्यु भएको घोषणा गरेको छ । ह्वाइट हाउसले शुक्रबार उक्त जानकारी गराएको हो । कासिम अल(रिमी अरबी प्रायद्वीपमा आतंकवादी संगठनको नेता हुन् ।राष्टूपति डोनाल्ड टूम्पको निर्देशनमा अमेरिकाले यमनमा आतंकवाद विरोधी अभियान चलाएको र यसमा अरबी प्रायद्वीपका संस्थापक र अल कायदाका नेता कासिम अल(रिमीलाई सफलतापूर्वक पराजित गरेको छ । विज्ञप्तिमा भनिएको छ । उनी अल(कायकाको अन्तर्राष्टि्रय संगठनका सहायक नेता थिए । अमेरिकी अधिकारीको दाबी अनुसार रिमीले यमनमा आम नागरिकहरू विरुद्ध अपराध गरेका थिए र संयुक्त राज्य अमेरिकाका सेनाहरूमाथि कैयौँ आक्रमण गरेका थिए । रिमीको नेतृत्वमा अल कायदाको अरबी समूहले यमनमा नागरिकहरूमाथि जघन्य हिंसाका थुप्रै घटनाहरू भएका छन् । उसले संयुक्त राज्य अमेरिका र अमेरिकी सेनाबिरूद्ध धेरै आक्रमणका लागि विभिन्न समूहलाई प्रयोग गरेको थियो, विज्ञप्तिमा भनिएको छ । ह्वाइट हाउसले भनेको छ, वाशिङगटन, अमेरिकी नागरिक र यसका सहयोगीहरूको हितको रक्षा गरिरहनेछ । अल-रिमीको मृत्युको परिणामस्वरूप अमेरिका, हाम्रो हित, र हाम्रा सहयोगीहरू सुरक्षित बनेका छन् । हामी अमेरिकी जनतालाई बचाउने अभियान जारी राख्नेछौं ।

### तुर्कमेनिस्तानका राष्ट्रपतिद्वारा छोरालाई शक्तिशाली मन्त्रालय

ग्यासको धनी राष्ट्र तुर्कमेनिस्तानका वर्तमान राष्ट्रपतिले आफ्ना छोरालाई शक्तिशाली मन्त्रालयको जिम्मेवारी दिनु भएको छ । राष्ट्रपति गुर्बान्गुली बेर्डीमुखामेडोभले आफ्नो छोरालाई उद्योग र निर्माण मन्त्रीको रुपमा नियुक्त गर्नु भएको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

तुर्कमेनिस्तानको राज्यद्वारा सञ्चालित संचार माध्यमले शनिबार दिएको जानकारी अनुसार देशको धेरै रकमका परियोजनाहरुलाई हेर्ने गरी उहाँले छोरालाई मन्त्री बनाउनु भएको हो । राज्यले प्रकाशन गर्ने गरेको पत्रिका नेचुरल तुर्कमेनिस्तानले ३८ बर्षिय छोरा सेर्डर बेर्डीमुखामेडोभलाई मन्त्रीका रुपमा नियुक्त गरिएको सम्बन्धी पत्र पनि प्रकाशित गरेको छ । उद्योग तथा निर्माण मन्त्रीले हवाई, स्थल र जल यातायातसँगै सञ्चार लगायतको क्षेत्र पनि हेर्ने जनाइएको छ । राष्ट्रपति पुत्र बेर्डीमुखामेडेभलाई राष्ट्रपतिले आफ्को शसक्त उत्तराधिकारीको रुपमा तयार पार्दै लैजानु भएको छ । उहाँले तुर्कमेनिस्तानमा विपक्षी, स्वतन्त्र संवैधानिक निकाय र प्रेस स्वतन्त्रता नभएको राजनीतिक प्रणाली चलाउनु भएको छ ।

### कोरोनाका कारण ८१३ जनाको मृत्यु

चीनबाट सुरु भइ विश्वका विभिन्न देशमा फैलिएको कोरोना भाइरसका कारण मृत्यु हुनेको संख्या शनिबारसम्म ८१३ पुगेको छ । मृत्यु हुनेमध्ये दुई जना विदेशी पनि रहेको चिनियाँ अधिकारीहरुले जानकारी दिएका छन् । उनीहहरुले ६० बर्षिय एक अमेरिकी नागरिकको उहानमा बिहीबार मृत्यु भएको जानकारी दिएपनि अन्य विवरण भने दिएका छैनन् । त्यसैगरी अर्को एक जना ६० बर्षिय नै जापानीको पनि कोरोना भाइरसकै कारण उहानमै मृत्यु भएको छ । जापानको विदेश मन्त्रालयले घटनाको पुष्टि गरेको समाचारमा जनाइएको छ । सरकारी अधिकारीहहरुका अनुसार थप भण्डै ३५ सय जनामा यस भाइरसको सङ्क्रमण देखिएको छ । कोरोनाका कारण चीन बाहिर भने अहिलेसम्म हङकङ र फिलिपिन्समा दुई व्यक्तिको मृत्यु भएको छ । उनीहहरु दुवै जना चिनियाँ नागरिक नै हुन् । डिसेम्बरको अन्त्यमा चिनियाँ बजार उहानमा पहिलो पटक देखा परेको नयाँ कोरोना भाइरसको सङ्क्रमण विश्वभर फैलिएको छ । विश्वका भण्डै ३० देशमा यो भाइरसबाट ग्रसित व्यक्ति फैलिएको छ भने तीन देशमा कुल ३२० जना कोरोना भाइरसबाट सङ्क्रमित भएका छन् । कोरोना भाइरसबाट अतिप्रभावित क्षेत्र मानिने उहानमा सरकारले !! हजार स्वास्थ्यकर्मी थप गरेको छ । देशका अति राम्रा मानिएका आईसिय' स्टाफसहितका स्वास्थ्यकर्मीको टोली उहानमा पठाइएको अधिकारीहहरुले जानकारी दिएका छन् । उनीहहरु मध्ये तीन हजार जना सघन उपचार कक्षमा काम गर्ने चिकित्सक र नर्स रहेको चीनको राष्ट्रिय स्वास्थ्य आयोगका गुओ यानहोङले बताउनुभयो ।

# भव्य कार्यक्रम, म र मेरा कविताहरू

दामोदर ढकाल दीपक

गोंगबु साहित्य समाजको पचासौं श्रृङखला भव्य रूपमा सम्पन्न भएको छ। चार जना दिदीबहिनीले स्थापना गरेको यो संस्था पचासौं अङ्कमा आइपुग्दा झनै व्यापकता पाएको छ। पचासौं अङ्कको विशेष काव्य प्रवाहमा मलाई पनि कविता वाचनको निम्ति छनोट गरिएको थियो। संयोग पनि अचम्मको छ। चारै जना दिदीहरू गौरी पव्लिकसँग आवध्द हुनुहुन्छ। करिव १ दर्जन जति संस्थाकि उपाध्यक्ष सीता विष्ट कार्की सीबिकाका पुस्तक गौरी पव्लिक रिलेसनले प्रकाशन गरिसकेको छ। यसैगरी संस्था कि कोषाध्यक्ष तथा टोखा न पा ८ कि महिला जनप्रतिनिधि चन्द्रा न्यौपानेका आधा दर्जन पुस्तक गौरी पव्लिक रिलेसनले प्रकाशन गरेको छ। समाजकी अध्यक्ष द्वारिका कुइकेल अन्जानको एक र सचिव तारा के सीको एक पुस्तक प्रकाशन पनि गौरीले गरेको हो। गोंगबु साहित्य परिषद र गौरी पव्लिक रिलेसनको सम्बन्ध माइती र चेलीको जस्तो छ भन्दा फरक पर्दैन्। साहित्यिक संस्थाहरू गुट उपगुटमा विभाजन भैरहेको वर्तमान परिस्थितिमा पनि यो संस्थामा त्यो हावा चलेको छैन। मासिक रूपमा नियमित साहित्यिक कार्यक्रम गरिरहेको छ। वा भनौ दिदीहरूले गराइरहनु भएको छ। दिदीहरूमा सलाम।माघ २५ गते ५ जना कविहरूलाई विशिष्ट काव्य वाचनको निम्ति निम्त्याइएको थियो। जसमा राजेन्द्र घिमिरे सागर, गोपाल नेपाल, जानुका थापा रायमाझी , धरणीधर गुरागाई र म दामोदर ढकाल दीपक। कार्यक्रमको सभापतित्व संस्था कि उपाध्यक्ष सीता विष्ट कार्की सीबिकाले गर्नु भएको थियो। कार्यक्रमको प्रमुख आतित्थता बमबहादुर थापा जिताली हुनुहुन्थ्यो भने विशिष्ट अतिथिमा चार वेदका अनुवादक तीलकप्रसाद लुइटेल, आधुनिक साहित्य परिषद्का अध्यक्ष मुरलीप्रसाद ढकाल , सामाखुसी साहित्य समाजका अध्यक्ष भाग्यशाली अधिकारी र सप्त वि साहित्य प्रतिष्ठानका अध्यक्ष राजन न्यौपाने श्रीयम रहनु भएको थियो। कार्यक्रमको संचालन संस्था कि अध्यक्ष द्वारिका कुईकेलले गर्नु भएको थियो भने स्वागत मन्तव्य संस्था कि कोषाध्यक्ष चन्द्रा न्यौपानेले गर्नु भएको थियो। संस्था कि सचिव तारा के सीको भने उपस्थिति भएन।

नेपाल खबर डटकमका जनार्जन पौडेल र जनआज्ञा मिडियाका मनोज सार्थक कार्यक्रमको रिपोर्टिङ र जनआज्ञा मिडियाको पपुलर कार्यक्रम ठामको ठाममा प्रसारणमा जुट्नु भएको थियो। जनआकाश साप्ताहिकका प्रधान सम्पादक मोहन कार्कीले भने फोनबाटै मलाई शुभकामना दिनुभएको थियो। कारण सुतार कार्की सेवा समाजको कार्यक्रम उहाँ जानुपर्ने भएको थियो। कार्यक्रममा मधुवन गोधुलिको साथी बाट उपध्यक्ष आँचल कुमार शर्मा, गतिशील साहित्य आवाजबाट नवराज विष्ट सफल, सुहृदय साहित्य प्रतिष्ठानबाट सुशीला पौडेल, जिन्दगी साहित्य आवाजबाट सिद्धार्थ देवकोटा, शीतल चौतारी साहित्य प्रतिष्ठानबाट हेमन्त खड्काको प्रतिनिधित्व थियो।

यसैगरी अग्रज साहित्य कारहरू टंक बहादुर खत्री, दुर्गा अधिकारी भमरकोटे लगायत करिब १०० भन्दा बढी साहित्यकार हरूको बाक्लो उपस्थितिमा सम्पन्न उक्त कार्यक्रमको प्रशंसा प्रमुख अतिथि लगायतका विशिष्ट अतिथिहरूले गर्नु भएको थियो। कार्यक्रम विशेष बाचकहरूलाई सम्मान समेत गरिएको थियो। उक्त अवसरमा वाचित मेरा तीन कविताहरू यहाँ प्रस्तुत गर्दछु।



## भोजपुर

कसैले मलाई
फाँसीमा लड्काएर
अन्तिम वाक्य बोल भन्यो भने
म भोजपुर भन्छु।
थाहा छ
मर्नेबेलामा
शिवको नाम लिए शिवलोक
कृष्णको नाम लिए कृष्णलोक
रामको नाम लिए रामलोक
पुगिन्छ रे।
तर मलाई
शिवलोक भन्दा ट्याम्के मनपर्छ
कृष्णलोक भन्दा साल्पापोखरी मनपर्छ
रामलोक भन्दा मेरो याकु मनपर्छ।
मैले पहिलोचोटि च्यां गरेको
पावन भूमि हो भोजपुर
मेरा लागि वंशज
शिव,कृष्ण, राम, बुद्ध भन्दा माथिका
छन्।
मलाई ज्ञान दिने मेरा शिक्षकहरू
मेरा लागि सबैभन्दा विद्धान हुन्
ज्ञानी, ध्यानी र दार्शनिक हुन्
मैले पिउने
आइतबारे धाराको पानी
मैले हिड्ने तल्लोबेसीको उकालो
अमृत अनि स्वर्गद्वारी हुन्
मेरो टेम्के जति सुन्दरी
कुनै अप्सरा पनि छैनन्
मेरो साल्पा जति सुग्घरी
कुनै बेहुली पनि हुँदैनन्
मेरो दिङ्ला जति पवित्र भूमि
संसारमा कुनै स्थान नै छैन्
बालागुरू षडानन्द जति
न संसारमा समाजसेवी छन्
न शिक्षासेवी छन्।
विश्वमा ठूल ठूला क्रान्ति भए
योगमाया जति क्रान्तिकारी
न जन्मे, न जन्मनेछन्
पुर्णप्रकाश यात्री जस्ता
सिर्जनात्मक यात्री
न जन्मे, न जन्मनेछरु
भोजपुर
यी चार अक्षर
जप्दा मलाई गायत्री जप्नु पर्दैन
यति विशाल
यति शक्तिशाली
प्राकृतिक र दैवी शक्ति
सायद
कुनै भूमिमा छैन्
भोजपुर तीर्थको पनि तीर्थ हो
क्रान्तिको पनि क्रान्ति हो
समाजसेवाको थलो हो
यात्रीहरूको पथपदर्शक हो।
भोजपुरको खुकुरी तारा चम्के जसरी
चम्केको छ
लाग्छ
भोजपुरको माटो
भोजपुरको ढुङ्गा
भोजपुरको हावा
भोजपुरको पानी
यी सबै ज्ञान हुन्
यी सबै ध्यान हुन्
यी सबै क्रान्ति हुन्
यी सबै समाज सुधारक हुन्।
यसर्थ जहाँ जन्मे
त्यहीँ मर्ने चाहना छ
मर्ने बेलाको अन्तिम वाक्य
भोजपुर भन्ने चाह छ
सिद्ध मन्त्र भोजपुर
पावन मेरो भोजपुर।

तपाईहरुको सेवामा सधैं समर्पित छ।
स्वच्छ, सफा, पारिवारिक आनन्दमा बसेर सेवा लिन सक्नु हुनेछ।
स्थानः चण्डोल चोक, काठमाडौं
Green Hut Lounge
&
Cafe with Banquet
सम्पर्क नम्बरः०१–४४३४११३

## भाइ

भाइ हामीले
प्रत्येक साल
तिम्रो दिर्घायुको लागि
मखमली उन्यौ
ओखर फोर्यौं
अनि तेलले बाटो छेक्यौ।

कसम भाइ
आफ्नो भन्दा बढी माया
भाइको लाग्छ
महल छ, नोकर चाकर छन्
मार्बल बिछ्याइएको छ
आफ्नो घरमा
तर भीरको कापमा
खाबा गाडेर
रातो माटो र गोबरले लिपेको
माइतीघर वा भनौं
भाइको घर प्यारो लाग्छ
आफ्नो लाग्छ।
लाग्ला यमराजको कथा
हाउगुजी हो
दन्त्यकथा हो
कथालाई संस्कृतिमा-संस्कारमा
ढालेको होर ढालिएको हो
तर भाइ यो नसोच्नु
यहाँ टोल टोलमा
यमराजहरू छन्
त्यसका दिदीहरू कडा छन्
धनी छन्
पढेका छन्
समाज बुझेका छन् भनेर,
तिम्रो समीप खुडा बोकेर आएपनि
तिमीलाई देख्नासाथ
बाघ देख्दा कुकुर भागे जसरी
भाग्ने छन् भाइ
हाम्रो भाइ सधैं बाघ बनोस्।
भाइको स्वभाव
जिद्दी छ
घमण्डी छ
रिसाहा छ
हुन त हरेक लोग्ने मान्छेको
स्वभाव लिएर
जन्मेको छ
हामीसँगै रिसाउँछ
फेरि आउँछ बिन्ती बिसाउँछ
वचन लाएजस्तो गर्छ
आँसु खस्छन्
तर
पाँचतला माथिबाट
काइयो खसे नि
ल्याइदिने भाइ
आँसुलाई हाँसोको आँसु बनाउन
टुप्लुक्क आउँछ
मुसुक्क हाँस्छ
दि दि भनेर चिच्याउछ
तँ बोल्दिनस्
मेरो लागि को नै छ भनेर
घुर्काउछ
चोसो पसार्छ
अनि
फेरि मन फर्काउछ
बाझे पनि नबाझे जस्तो
वचन लाए पनि अर्ति दिए जस्तो
नराम्रो भए नि राम्रो
अज्ञानी भए नि ज्ञानी
घमण्डी भए नि शान्त
दुखी भए नि सुखी
निर्धन भए नि धनी
खै कस्तो कस्तो भाइ
आफूले जन्माको सन्तान
भन्दा नि
भरोसा योग्य
प्यारो भाइ।

गजल




दामोदर ढकाल दीपक

## बुट्टेदार प्रेमपत्र

धेरैपछि मेरो कलेज साथी
गोपाललाई भेटेँ
माया र गोपालसँगै थिए
साथमा दस वर्षको सन्तान।
मैले उसलाई देख्नासाथ
उसको र मेरो कलेजका दिन सम्झिएँ
कुनैवेला
उसले भनेको कुरा सम्झिएँ
ओई! एउटीलाई प्रपोज हान्नु छ
मुटु चुडिने शब्द लेख्दै त,
उसको आग्रह मैले माने
मैले अलिकति फुर्काएर
अलिकति घुर्काएर
अलिकति वेदना
अलिकति ठट्टा
अलिकति खुसी
अलिकति संघर्ष
अलिकति सम्भावना
अलिकति योजना
अलिकति सपना
यी सबै समेटेर
आकाशको तारा झार्ने गरि
उनको शिरमा जून ल्याइदिने गरि
सफलताको कथा कोरेर
लेखिदिए प्रेमपत्र
परिणाम सुखद निस्कियो
मैले लेखिदिएका प्रेमपत्रले
मायासँग गोपालको प्रेम बस्यो
शारदासँग तेजेन्द्रको
विमलासँग रामप्रसादको।
एक दुई वर्षमै
माया र गोपाल
अनि शारदा र तेजेन्द्र
पवित्र विहे बन्धनमा बाँधिए
विमलाको रामप्रसादसँग
विहे हुन सकेन
कारण
कतार गएको रामप्रसाद
विमलालाई रातो गुलाफ लिएर
आउनै पाएन
रातो बाकसमा फर्कियो।
मैले पनि
धेरैलाई प्रेमपत्र पठाए
दुब्लो शरीर
भित्र पसेका आँखा
चुच्चो नाक
पातला ओठ
कुन स्त्रीलाई पो मनपर्दो रहेछ
अहँ
कसैसँग बसेन प्रेम
मेरा प्रेमपत्रहरू
संगीत र गायन नमिलेको
उत्कृष्ट शब्द मात्र भयो।
तर पनि हारिन मैले
छाडिन प्रेमपत्र लेख्न
लेखिरहेछु आज पनि
पठाइरहेछु।
अँह,किन लेखिस प्रेमपत्र
कसैले भन्दैनन्
सायद मेरा प्रेमपत्र
रत्नपार्क कि रञ्जु, तँ र रक्षा
उपन्यासका अंश हुन
न रिसाउछन् केही मसँग
न टाढा हुन्छन् मसँग
नजिक हुन्छन्
गफिन्छन् तर प्रेम गर्दैनन्
कारण
मेरो भावना मनपराउँछन्
मेरो विचारसँग नि सहमत हुन्छन्
मेरा योजनाहरूमा साथ दिन्छन्
कारण
म दुब्लो छु
म निर्धो छु
सिकन्दर खोज्ने प्रेमिकाले
दामोदर मनपराउदैनन्
तर पनि म खुसी छु
स्वयंममा म भावुक छु
आफैंमा मायालु छु
अनि प्रेमिल पनि छु।
मैले कस्ता कस्ता प्रेमपत्र लेखे
सोच्छन्
म जादुगर हुँ
शब्दले प्रेमका जाल बुन्छु
सोच्दाहुन् कति प्रेमीका होलान्
मेरा भनेर
तर म मात्र जालहारी हुँ
जालमा पशुपंक्षि पार्छु
यथार्थमा म
शाहाकारी हुँ।
सायद
प्रेम गरेर विहे गर्नेलाई
व्यवहारले विरस बनाउला
प्रेम गरिरहनेहरूलाई सधैं
हरियाली हुनेगर्छ।
मेरा प्रेम गरेर
विहे गर्ने साथीहरूका
छोराछोरीले प्रेमपत्र लेख्नथालिसके
आगार्निक र प्राकृतिक प्रेमपत्र
तर म
उपन्यासहरूमा
प्रेमपत्र आजपनि लेखिरहेछु

# लाइसेन्स लिन १८ वर्ष पुग्नुपर्ने नियम

काठमाडौं । सरकारले सवारी चालकको अनुमतिपत्र (लाइसेन्स) लिने उमेर १८ वर्ष पुऱ्याएको छ । यातायात व्यवस्था विभागले सवारी चालक अनुमतिपत्र पाउनका लागि न्यूनतम १८ वर्ष उमेर पूरा गरेको हुनुपर्ने कानूनी व्यवस्था गरेको हो । 'सवारी तथा यातायात व्यवस्था ऐन-२०७६' को मस्यौदामा सवारी चालक अनुमतिपत्र लिने उमेर १८ वर्ष कायम गर्न लागिएको जनाएको छ ।पहिले सवारी चालक अनुमतिपत्र लिनका लागि १६ वर्ष उमेर पुग्नुपर्ने व्यवस्था थियो । विभागले लाइसेन्सको समय सीमासमेत बढाएर १० वर्ष कायम गर्ने तयारी गरेको छ । हाल पाँच वर्षमा गर्नुपर्ने नवीकरणलाई सेवाग्राहीले झन्झटिलो मान्दै आएका छन् । कम उमेरका चालकले सवारीसाधन चलाउँदा बढी दुर्घटना भइरहेको विभिन्न अध्ययनका क्रममा पाइएको छ । त्यसैले पनि निजी र सार्वजनिक सबै प्रकारको सवारीसाधनका लागि उमेर बढाउन लागिएको यातायातको भनाइ आएको छ । चालकका लागि कक्षा १० पास गरेको हुनुपर्ने गरी व्यवस्था गरिएको जनाएको छ । टुटल र पठाओलाई भने ऐनले समेट्ने वा नसमेट्ने भन्ने अहिले नै यकिन भइसकेको छैन । सकेसम्म टुटल पठाओलाई कानूनीरुपमा नै नियममा ल्याउने गरी मन्त्रालयमा पनि छलफल भइरहेको छ । सङ्घीय सवारी तथा यातायात व्यवस्था ऐन अघि नबने पनि प्रदेशहरुले ऐन बनाइरहेका छन् । प्रदेश १, प्रदेश २ र वाग्मती प्रदेशले सङ्घीय ऐनभन्दा पहिले नै नयाँ संविधानुसार ऐन बनाइसकेका छन् । वाग्मती प्रदेशले यातायात व्यवस्था सम्बन्धी नियमावली बनाउने तयारी गरिरहेको भौतिक पूर्वाधार विकास मन्त्रालयले जनाएको छ ।









जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस